का.जि.प्र.का.द.नं. १००/०५२/६०
१२ कार्तिक २०८३
बिहीबार
29 October 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



सशंकित कर्मचारी

३ महिनामा ४६४ ले छाडे जागिर

तीन महिनामा ४ सचिव, ३३ सहसचिव, ७२ उपसचिव, ९८ शाखा अधिकृत, १३७ नायब सुब्बा तथा खरिदार र १२० जना श्रेणीविहीन कर्मचारीले राजीनामा दिएका छन्।



सरकारले अघि बढाएको विधेयकले निजामती सेवालाई थप सक्षम, प्रभावकारी, दक्ष, उत्तरदायी र परिणाममुखी बनाउनेछ। यो सुशासन र सार्वजनिक प्रशासन सुधारमा कोसेढुंगा बन्नेछ।

प्रतिभा रावल
सामान्य प्रशासनमन्त्री



सरकारले रोजगारदाता र श्रमिकबीचको सम्झौता उल्लंघन गरेर भूतप्रभावी कानुन ल्याउन खोजेको छ। चालु ऐनअनुसार पाउने सेवा सुविधा कटौती गर्नु प्रकृतिक न्यायको सिद्धान्तले अलोकतान्त्रिक हो।

श्याम मैनाली
पूर्वसचिव

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ११ कार्तिक

संघीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक असोज १५ मा संघीय संसद्मा दर्ता भएको छ। संसद्को बर्से अधिवेशन बन्द गर्नु एक दिनअघि मात्रै सार्वजनिक महत्त्वको विधेयक पेस गरेको सरकारले संसद्बाटै ऐन ल्याउनेमा आशंका उब्जिएको छ।

सो विधेयक फिर्ता गरेर अध्यादेशमार्फत ऐन संशोधनको गर्ने सरकारको योजना रहेको आशंका सरकारी कर्मचारीले गरेका हुन्। विधेयक ऐन बनेर लागू भएको दिन ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधि पुगेका कर्मचारीले तत्काल अनिवार्य अवकाश पाउने व्यवस्था राखिएको छ। सोही प्रावधानले बहालवाला अधिकांश सचिव, सहसचिव र उपसचिवसहित करिब १० हजारदेखि १३ हजार ५०० भन्दा बढी अनुभवी कर्मचारी एकैपटक सेवाबाट बाहिरिनेछन्। जसका कारण प्रशासनिक नेतृत्वमा ठुलो रिक्तता आउनेछ।

सरकारले पुराना कर्मचारीलाई बलजफ्ती निकाल्ने गरी ऐन ल्याउनुअगावै राजीनामा दिने कर्मचारीको संख्या बढेको विज्ञहरू बताउँछन्। सेवाप्रवेश हुँदा भएको सम्झौताअनुसार पेन्सनसहित सेवासुविधा लिन सहज हुने सोचले कर्मचारीले सरकारले अध्यादेश ल्याएर हटाउनुअघि नै धमाधम राजीनामा दिने अवस्था बनेको पूर्वसचिव श्याम मैनालीको दावी गरे। निजामती विधेयक अघि बढाउँदै गर्दा चालु आर्थिक वर्षको तीन महिनामा साढे चार सयभन्दा बढी कर्मचारीले राजीनामा दिएका छन्। राष्ट्रिय किताबखाना (निजामती)का अनुसार राजपत्रांकित र राजपत्र अनंकित गरी ४६४ कर्मचारीले राजीनामा दिएका हुन्। निजामतीअन्तर्गत राजपत्रांकित २०७ जना, राजपत्र अनंकित २५७ कर्मचारीले पदबाट राजीनामा दिई सरकारले स्वीकृतसमेत गरिसकेको किताबखानाका निर्देशक तथा सूचना अधिकारी सुदन ख्वाखली श्रेष्ठले जानकारी दिए। राजीनामा दिने राजपत्रांकित कर्मचारीमा ४ सचिव >>> पृष्ठ २ मा


अध्यादेशको भयले सिंहदरबारमा खैलाबैला

सरकारले संसद्लाई छलेर अध्यादेशमार्फत निजामती कर्मचारीको सेवा सर्त परिवर्तन गर्न खोजेको आशंकाले सिंहदरबारमा खैलाबैला मच्चिएको छ। संसद् अधिवेशन अन्त्य हुनुभन्दा एक दिनअघि संघीय निजामती सेवा विधेयक दर्ता गरिनु र अहिले त्यही विषयमा अध्यादेश ल्याउने तयारी हुनु आफैंमा असंगत देखिन्छ। संसद्मा विधेयक दर्ता गर्नुको उद्देश्य नियमित संसदीय प्रक्रियाबाट कानुन बनाउनु हो कि अध्यादेशको बाटो खोल्नु, सरकारले स्पष्ट पार्नुपर्छ।

सरकारले प्रस्तावित विधेयकमा ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाश दिने व्यवस्था राखेको छ। अहिले यही प्रावधान अध्यादेशमार्फत लागू गर्न खोजिएको चर्चा छ। सचिवको पदावधि तीन वर्ष कायम गर्ने तयारीसमेत रहेको बताइएको छ। अध्यादेशको मस्यौदा सार्वजनिक भइसकेको छैन र मन्त्रिपरिषद्बाट निर्णय पनि भएको छैन। तर, यस्तो चर्चा चल्नासाथ कर्मचारीतन्त्रमा बढेको अन्योलले सरकारको कार्यशैलीमाथि >>> पृष्ठ २ मा

सुध्रिएनन् पुराना दल

मधेशमा फेरि सत्ता जोडघटाउ



एकातिर विश्वासको मत जुटाउन कांग्रेसबाट मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवको दौडधुप चलिरहेको छ। अर्कोतिर एमाले र जसपा नेपाल नयाँ समीकरणको गृहकार्यमा छन्।

कुल सिट : १०७
सरकार बनाउन आवश्यक सिट : ५४

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ११ कार्तिक

मधेश प्रदेश सरकारमा फेरि सत्ता जोडघटाउ सुरु भएको छ। गत ३० असोजमा नेकपा एमाले मधेश प्रदेश सरकारबाट बाहिरियो। त्यसपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार अल्पमतमा पऱ्यो।

यसबीचमा एकातिर विश्वासको मत जुटाउन कांग्रेसबाट मुख्यमन्त्री बनेका यादवको दौडधुप चलिरहेको छ। अर्कोतिर एमाले र जसपा नेपाल नयाँ समीकरणको गृहकार्यमा छन्। ठुलो दलको नेतृत्वमा सरकार बनाउने दाबी र आफ्नै दलको नेता मुख्यमन्त्री बनाउने कांग्रेसको चाहनाबीच मधेशको राजनीति फेरि सत्ता जोडघटाउमा केन्द्रित भएको हो।

राजनीतिक सत्ता जोडघटाउमा केन्द्रित भएको र जनताको मुद्दा ओझेलमा परेको भनेर नवयुवा पुस्ताले गत वर्ष भदौ २३ र २४ मा आन्दोलन गरेका थिए। उक्त आन्दोलनका मागहरूमध्ये एक राजनीतिक स्थिरता पनि थियो। त्यस चाहनालाई मतदाताले २१ फागुन २०८२ को प्रतिनिधिसभामा चुनावमा प्रकट गरे। संघमा रास्वपा एक्लैको एक सिट कम दुईतिहाइ बहुमतको सरकार छ।

प्रदेश र स्थानीय तहमा भने २०७९ सालमा भएको निर्वाचनबाट >>> पृष्ठ २ मा

कोठाको खोजीमा

१९४ दिनको संघर्ष

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ११ कार्तिक

कैलालीकी दीपा नेपाली आठ वर्षअघि पढाइ र सरकारी सेवाको तयारीका लागि काठमाडौं आएकी थिइन्। राजधानीमा कोठा खोज्ने क्रममा उनले पटक-पटक जातीय विभेद भोग्नुपऱ्यो। कतिपय घरधनीले थर थाहा पाएपछि कोठा दिएनन्। कतिले कोठा दिएर पनि जात र थर थाहा पाएपछि निकालिदिए।

एउटा कोठा खोज्दा भोगेको यही तितो अनुभवले दीपालाई जातीय विभेदविरुद्ध आवाज उठाउन सडकमा पुऱ्यायो। अहिले उनी माइतीघर मण्डलामा उभिएर सरकारलाई प्रश्न गरिरहेकी छन्,- 'सरकार, कोठा खाली छ ?'

'तिम्रो चेतनाले मान्छे चिन्दैन र ?'
'तिमी मान्छे बन्ने कहिले ?'

सामान्य लाग्ने यी प्रश्नभित्र नमिठो पीडा छ। आफ्नै देशको राजधानीमा बस्नका लागि कोठा खोज्दा जातिय विभेद हुने र न्याय माग्न राज्यको ध्यानाकर्षण गराउन सडकमा उभिनुपरेको दीपा बताउँछिन्।

संविधानले समानताको अधिकार सुनिश्चित गरेको देशमा नागरिकले सम्मानपूर्वक बस्न पाउने अवस्था किन छैन ? यही प्रश्नको जवाफ मार्दै दीपाको सत्याग्रह सुरु भएको विहीबार १९४ दिन पुगेको छ। तर, उनको माग सम्बोधन भएको छैन। तिज र दसैंमा समेत उनी माइतीघरमै धर्नामा बसिरहिन्। उनको अभियानमा दलित र गैरदलित समुदायका करिब १५ हजार जनाले ऐक्यबद्धता जनाइसकेका छन्।

दीपाले पढाइ र सरकारी सेवामा प्रवेश गर्ने सपना थाती राखेर जातीय विभेद अन्त्यको मुद्दालाई प्राथमिकतामा राखेकी छन्। 'मेरो परिवार, मेरो >>> पृष्ठ २ मा



कोठा खोज्दा जातीय विभेद भोगेकी कैलालीकी दीपा नेपाली १९४ दिनदेखि माइतीघरमा सत्याग्रहमा छिन्। पढाइ र सरकारी सेवाको सपना थाती राखेर उनी जातीय विभेदको अन्त्य र समानताको अधिकार कार्यान्वयन गर्न सरकारसँग जवाफ माग्रिहेकी छन्।



लयमा फर्कियो सुदूरपश्चिम

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा साबिक उपविजेता सुदूरपश्चिम रोयल्स लयमा फर्किएको छ। उद्घाटन खेलमा लुम्बिनी लायन्ससँग पराजित भएको सुदूरपश्चिमले आफ्नो दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित हात पार्न सफल भयो। सुदूरपश्चिमको जितमा कप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतकीय इनिङ खेले।

विस्तृत समाचार पृष्ठ ७ मा

वैदेशिक रोजगार विशेष

दुवै सरकारलाई मान्य हुने भर्ना प्रणाली विकास गर्न नेपाल सरकार सकारात्मक : श्रम मन्त्रालय

मध्यान्ह संवाददाता
काठमाडौं, ११ कार्तिक

वैदेशिक रोजगारीमा जाने कुल नेपाली श्रमिकमध्ये करिब २० प्रतिशत हाराहारीको हिस्सा ओगट्ने मलेसियामा नेपाली श्रमिक जान नपाउने अवस्था सिर्जना भएपछि चारैतर्फ दबाब र चिन्ता बढेको छ।

नेपाल राष्ट्र बैंकले देशगत रूपमा भित्रिने रेमिट्यान्सको छुट्टै विवरण आधिकारिक रूपमा सार्वजनिक गर्ने प्रणाली नअपनाएका कारण मलेसियाबाट भित्रिने रेमिट्यान्सको यकिन अंक छुट्याएर भन्न सकिँदैन। तर, मलेसियाको न्यूनतम तलब र वार्षिक रूपमा जाने नेपाली श्रमिकको तथ्यांक केलाउँदा उक्त मुलुकबाट वार्षिक मोटामोटी साढे ८ अर्ब हाराहारीमा रेमिट्यान्स भित्रिने गरेको छ। आगामी जुनदेखि करिब १८ प्रतिशतले तलब बढ्ने भएकाले नेपाल आउने रेमिट्यान्स रकम थप बढ्नेछ। वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष १ लाख ३२ हजार ६४६ जना नेपाली श्रमिक मलेसिया गएका थिए।

स्वदेशमा पर्याप्त रोजगारी सिर्जना नहुँदासम्म वैदेशिक रोजगारी श्रम बजारमा आउने विपन्न नेपालीको जीवनको प्रमुख आधार बनेको छ। मलेसियाले अपनाएको फरेन वर्कर्स सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपालका २५ मुख्य र २५० सहायक एजेन्सीका रूपमा राखिएपछिको असमझदारीले मलेसियाको रोजगारीको निरन्तरतामा शंका उत्पन्न भएको छ। मलेसियाको रोजगारीलाई व्यवस्थित, मर्यादित, पारदर्शी र श्रमिकको >>> पृष्ठ २ मा

टप ग्लोभ्सद्वारा बंगलादेशबाट कामदार लैजाने तयारी

क्वालालम्पुर, मलेसिया/मस- मलेसियामा ग्लोभ्स उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनी टप ग्लोभ्सले नेपाली श्रमिक भर्नामा अवरोध भएपछि बंगलादेशबाट शून्य लागतमा केही कामदार भर्ना गर्ने तयारी गरेको छ। कम्पनीमा कार्यरत नेपालीसहितका श्रमिकको करार अवधि सकिएपछि करिब २ हजार नयाँ श्रमिक भर्ना गर्नुपर्ने बाध्यतामा पुगेको टप ग्लोभ्सले शून्य लागतमा बंगलादेशी श्रमिक भित्र्याउन पहल गरेको कम्पनीसम्बद्ध स्रोतले बताएको छ।

अमेरिकी र युरोपेली बजारमा उत्पादन निर्यात गर्ने टप ग्लोभ्सलाई शून्य लागतमा कामदार भर्ना गर्नुपर्ने बाध्यता छ। तर, बंगलादेशबाट शून्य लागतमा कामदार लैजाने अभ्यास छैन। टप ग्लोभ्सले बंगलादेशबाट श्रमिक ल्याउने पहिलो चरणलाई परीक्षणका रूपमा सुरु गरेको र सफलता प्राप्त भए बंगलादेशबाट थप श्रमिक लैजाने बताइएको छ। हजारौं नेपाली कामदारहरुको रोजाईको कम्पनीमा पर्ने उक्त कम्पनीमा हाल पनि ५ हजार बढी नेपाली कार्यरत रहेका छन्। उनीहरू शून्य लागतमा गएका हुन्।

नेपाल र मलेसियाबिच देखा परेको रोजगार गतिरोधले शून्य लागतमा मात्र कामदार लैजाने अनेय बहुराष्ट्रिय कम्पनीहरूले समेत क्रमशः नेपाली कामदारको विकल्प खोज्न थालेकाले यो समस्या अविलम्ब हल गरेर इच्छुक सबै व्यवसायीले मलेसियामा काम गर्न पाउनुपर्ने वातावरण बनाउनुपर्ने देखिएको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

नयाँ राष्ट्रिय जलवायु नीति अन्तिम चरणमा

काठमाडौं/मस– सरकारले बदलिँदो जलवायु परिस्थितिलाई सम्बोधन गर्न नयाँ राष्ट्रिय जलवायु नीति निर्माण गरेको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा.महेश्वर ढकालले नीतिको मस्यौदा अन्तिम चरणमा पुगेको र आवश्यक पुनरावलोकनपछि मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको बताएका छन् ।

हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समितिको बैठकमा बोल्दै ढकालले स्थानीय तथा प्रदेश सरकार र सरोकारवाला निकायसँगको परामर्शपछि नीतिको मस्यौदा तयार गरिएको जानकारी दिएका हुन् ।

उनका अनुसार नयाँ नीतिमा जलवायु विज्ञान, तथ्यांक तथा सूचना आदानप्रदान, जलवायु शासन र संघ, प्रदेश तथा स्थानीय तहका योजना प्रक्रियामा जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्ने विषयलाई



प्राथमिकता दिइएको छ ।

जलवायु परिवर्तनले बहुआयामिक र सीमापार प्रभाव पार्ने भएकाले सबै मन्त्रालयले आफ्ना वार्षिक कार्यक्रम तथा योजनामा यस विषयलाई समेट् नुपर्ने ढकालको भनाइ छ । नयाँ नीतिलाई प्रभावकारी बनाउन देशभरका ७५३ वटै स्थानीय तहमा समान रूपमा कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको उनले बताए ।

स्थानीय सरकारलाई केन्द्रमा राखेर जलवायु अनुकूलन तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न 'स्थानीय अनुकूलन कार्यक्रम' सम्बन्धी रूपरेखासमेत तयार गरिएको उनले जानकारी दिए । यसअन्तर्गत संघ, प्रदेश र स्थानीय तहका विषयगत निकायले आ-आफ्नो आवश्यकता र जिम्मेवारीअनुसार योजना निर्माण गर्न सक्नेछन् ।

'विगतका अध्ययन, अनुसन्धान र प्राप्त अनुभवलाई समेटेर नयाँ जलवायु नीतिको मस्यौदा तयार गरेका छौं । मन्त्रालयमा मस्यौदा अन्तिम अवस्थामा पुगेको छ । एकपटक पुनरावलोकन गरेर अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने पक्षमा छौं,' ढकालले भने ।

उनले अघिल्लो नीतिको तुलनामा नयाँ नीतिमा जलवायु विज्ञान, तथ्यांक व्यवस्थापन र सूचना आदानप्रदानलाई थप प्राथमिकता दिइएको बताए । जलवायु परिवर्तनलाई कुनै एउटा मन्त्रालयको मात्र विषयका रूपमा नभई सबै क्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा लिनुपर्ने उनको भनाइ छ ।

राष्ट्रिय योजना आयोगले जलवायुमैत्री बजेटको हिस्सा पाँच वर्षभित्र पाँच प्रतिशतबाट २० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको सन्दर्भमा स्थानीय तहमा जलवायु कार्यक्रमको प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण हुने उनले उल्लेख गरे ।

जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न नीतिगत प्रतिबद्धता मात्र पर्याप्त नहुने भन्दै ढकालले पर्याप्त वित्तीय स्रोत, वैज्ञानिक प्रमाण, अन्तरसरकारी समन्वय र जोखिममा रहेका समुदायसम्म स्रोतको पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

नेपालले सन् २०११ मा पहिलो राष्ट्रिय जलवायु नीति ल्याएको थियो । बदलिँदो जलवायु परिस्थिति र त्यसबाट उत्पन्न जोखिमलाई सम्बोधन गर्ने उद्देश्यसहित सरकारले नयाँ नीति अघि बढाएको हो ।

सशंकित...

३३ सहसचिव, ७२ उपसचिव र ९८ शाखा अधिकृत छन् । त्यस्तै, राजपत्र अनंकित कर्मचारीमा १३७ जना खरदार तथा नायब सुब्बा रहेका छन् । १२० जना श्रेणीविहीन कर्मचारीले समेत राजीनामा दिएको उनको भनाइ छ ।

सरकारले कर्मचारी तन्त्रलाई अध्यादेशको आतंकबाट तर्साएको मैनालीले टिप्पणी गरे । 'अध्यादेशमार्फत सरकारले पुराना कर्मचारीलाई हटाउने एकल सोच बनाएको छ,' उनले भने, 'कर्मचारीलाई काम गर्ने वातावरण नहुँदा राजीनामाको संख्या बढ्दो छ ।' अनुभवशून्य मान्छेहरू सरकारको नेतृत्वमा पुगेका कारण यो अवस्था आएको उनको टिप्पणी छ । यसले राज्यलाई आर्थिक भारसमेत बढ्नेछ । अवकाशप्राप्त कर्मचारीलाई पेन्सनलगायत सेवा सुविधा र नयाँ कर्मचारीको सेवा-सुविधाले सरकारलाई दोहोरो आर्थिक भार बढ्ने विज्ञहरू बताउँछन् ।

अध्यादेश ल्याएर पुराना कर्मचारीलाई एकैपटक हटाउन सक्ने त्रासका कारण पनि कर्मचारीले धमाधम राजीनामा दिइरहेको उनले बताए । 'सरकारले अध्यादेश ल्याएर हटाउनुअघि नै ऐनले ग्यारेन्टी गरेको सुविधा सुरक्षित गर्नका लागि पनि राजीनामा दिने कर्मचारीको संख्या बढेको हो,' मैनालीले मध्यान्हसँग भने, 'सरकारले निजामती ऐन संशोधनका लागि अध्यादेशको बाटो रोज्ने अवस्थाले जागिर छाड्ने कर्मचारीको संख्या अझै तीव्र रूपमा बढ्छ ।' तर राजीनामा दिने अधिकांश कर्मचारीले घरायसी कारण जनाएको किताबखानाले जनाएको छ । लामो समयदेखि अघि बढ्न नसकेको निजामती विधेयक सदनमा पुगे पनि नियमित प्रक्रियाबाट ऐन बनेर आउनेमा कर्मचारी अधिकारीहरूले नै आशंका व्यक्त गरेका छन् ।

विधेयक संसद्मा पुगे पनि लामो समय संसद् नचल्ने अवस्थालाई देखाएर अध्यादेशमार्फत ऐन संशोधन गरी कर्मचारीलाई समयअगावै वैधानिक रूपमा दण्डित गर्ने सरकारको चालबाजी रहेको प्रशासकहरूको बुझाइ छ । त्यसकारण पनि कर्मचारीहरूले धमाधम जागिर छाड्न बाध्य भएको निजामती क्षेत्रका विज्ञहरू बताउँछन् ।

हाल कर्मचारीको भर्ना, सेवा सर्त, सरुवा, बढुवा, अवकाशलगायत कार्य निजामती ऐन, २०४९ मा रहेका प्रावधानअनुसार हुँदै आएको छ । प्रस्तावित नयाँ ऐन (दर्ता भएको विधेयक)मा निजामती सेवा सञ्चालनका लागि कर्मचारीको सेवा सर्तलगायत प्रावधानमा परिवर्तन गर्ने प्रस्ताव गरेको छ । प्रशासनिक संरचनालाई संघीय शासन प्रणालीअनुरूप समयानुकूल बनाउने प्रावधान विधेयकमा समेटिएका छन् । जसमा ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधि पुगेका कर्मचारीलाई अवकाशमा पठाउने प्रावधान राखिएको छ ।

हाल निजामती सेवामा रहेका कर्मचारी ५८ वर्ष उमेर पूरा भएपछि अवकाश पाउँदै आएका छन् । नियमित रूपमा हुने अनिवार्य अवकाशको उमेर ५८ लाई बढाएर ६० वर्ष पुऱ्याउने प्रस्ताव गरिएको छ । तर, नयाँ ऐन प्रारम्भ हुँदाका बखत एकपटकलाई ५५ वर्ष पूरा उमेर भएको वा सेवा अवधि ३० वर्ष पूरा भएको कर्मचारीले अवकाश पाउने प्रावधान विधेयकमा रहेको छ । विधेयकको दफा ५७ मा अनिवार्य अवकाशसम्बन्धी प्रावधान छ । ऐन प्रारम्भ भएका दिन ५५ वर्ष पूरा भएको वा सेवा अवधि ३० वर्ष पूरा भएका कर्मचारीले अवकाश पाउनेछन् । बाँकी रहन गएका वा नयाँ भर्ना हुने कर्मचारीले भने ६० वर्ष उमेर पूरा भएपछि अवकाश पाउनेछन् । राजपत्रांकित विशिष्ट श्रेणीअन्तर्गत अधिकृत चौथौं तह (मुख्य सचिव)को पदावधि दुई वर्ष र अधिकृत तेह्रौं तह (सचिव)को पदावधि तीन वर्षको हुने भनिएको छ । विशिष्ट श्रेणीका कर्मचारीले तोकिएको पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो, सोही आधारमा अनिवार्य अवकाश हुनेछन् ।

त्यस्तै, निवृत्तिभरण (पेन्सन) प्रयोजनका लागि अधिकतम ३० वर्षको सेवा अवधि मात्रै गणना हुने विधेयकको प्रस्ताव गरिएको छ । चालु ऐन अनुसार अवकाशका लागि ५८ वर्षको उमेर पूरा नगरुन्जेल जति वर्ष नोकरी गरेको हो ती सबै सेवा वर्ष पेन्सन प्रयोजनका लागि जोडिने व्यवस्था छ । त्यस्तै, प्रस्तावित विधेयकमा निजामती सेवामा छड्के प्रवेशको समेत प्रावधान राखिएको छ । विधेयकको दफा १० (१४) विशिष्ट प्रकृतिको कुनै कार्यकारी वा विशेषज्ञ पदका लागि निजामती सेवाभित्र जनशक्ति उपलब्ध हुन नसक्ने भएमा नेपाल सरकारले बाहिरी स्रोतबाट त्यस्ते जनशक्ति नियुक्त गर्न सक्ने व्यवस्था राखिएको छ । सो व्यवस्थाबाट कर्मचारी थप झस्किएका छन् ।

विधेयकको ड्राफ्ट नै गैरलोकतान्त्रिक रहेको पूर्वसचिव मैनालीले टिप्पणी गरे । 'सरकारले रोजगारदाता र श्रमिकबीचको सम्झौता उल्लंघन गरेर भूतप्रभावी कानुन ल्याउन खोजेको छ,' उनले भने, 'जीवनभर सेवा गरेका कर्मचारीले चालु ऐनअनुसार पाउने सेवा सुविधा कटौती गर्नेगरी सरकारले ऐन संशोधन गर्नु प्राकृतिक न्यायको सिद्धान्तका हिसाबले अलोकतान्त्रिक हो ।' अर्कोतर्फ विशेषज्ञ पदका नाममा सेनाका पूर्वअधिकृतलाई लिएर राख्ने कुरालेे निजामती क्षेत्रमा थप आशंका उब्जिएको मैनालीले बताए । 'विशेषज्ञ पदका नाममा सेनाका अधिकृतहरू निजामतीमा प्रवेश गराउँदा स्कुलिङ नै नमिल्ने र त्यहाँ थप समस्या निम्तिन्छ,' मैनालीले भने । अनुभव योग्यता र सीपले परिपक्व जनशक्तिलाई बाहिर पठाउने सरकारको सोच आफैं बेठिक रहेको उनको भनाइ छ । कर्मचारी र सरकार एक-अर्काका परिपूरक हुनुपर्नेमा नयाँ सरकार आएपछि सरकार र कर्मचारीबीच विश्वासको खाडल बढ्दै गएको उनको जिकिर छ ।

मुलुक संघीय शासन व्यवस्थामा गएको १० वर्षभन्दा बढी भइसक्दा पनि संघीय शासन व्यवस्थाअनुकूलको निजामती ऐन बन्न सकेको छैन । वर्तमान सरकारले अघि बढाएको संघीय निजामती सेवा विधेयकले निजामती सेवाको कार्यसम्पादन र जवाफदेहितामा 'प्याराडाइम सिफ्ट' ल्याउने भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले दाबी गरेकी छन् । 'अहिले संसद्मा पेस भएको विधेयकले निजामती सेवालाई थप सक्षम, प्रभावकारी, दक्ष, उत्तरदायी र परिणाममुखी बनाउने छ,' उनले भनिन्, 'संसद्मा गएको विधेयक सोही प्रक्रियामै ऐन बनेर आउँछ, कुनै अर्को बाटोका विषयमा सरकारले सोचेको छैन ।' उक्त विधेयक संघीय शासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्त्वपूर्ण आधार प्रदान गर्नुका साथै सुशासन र सार्वजनिक प्रशासन सुधारको दिशामा महत्त्वपूर्ण कोसेढुंगा बन्ने उनको विश्वास छ ।

अध्यादेशको...

प्रश्न उठाएको छ । सोमबार बस्नुपर्ने नियमित बैठकसमेत यही विषयका कारण बस्न नसकेको अवस्थामा सरकारको नियतमाथि थप आशंका पैदा भएको छ । संसद्मा विधेयक विचाराधीन हुँदाहुँदै त्यसलाई नियमित छलफल र निर्णयको प्रक्रियामा लैजानुको सट्टा अध्यादेशको बाटो रोज्नु उचित देखिँदैन । अध्यादेश असाधारण परिस्थितिमा तत्काल कानुनी व्यवस्था आवश्यक हुँदा प्रयोग गरिने माध्यम हो, संसद्को छलफल छल्ने सजिलो उपाय होइन । निजामती प्रशासन सुधार आवश्यक छ । संघीयता कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि संघीय शासनअनुकूलको निजामती ऐन बन्न नसक्नु विडम्बना हो । तर सुधारका नाममा अनुभवी कर्मचारीलाई एकैपटक सेवाबाट बाहिरिने अवस्थामा पुऱ्याउँदा प्रशासनिक नेतृत्व, संस्थागत ज्ञान र सेवा प्रवाहमा असर पर्न सक्छ । कर्मचारीले आफ्नो जागिर र भविष्यबारे अनिश्चितता महसुस गर्दा निर्णय प्रक्रिया प्रभावित हुनसक्छ । सरकारले कर्मचारीको सेवा सर्त बदल्नुअघि कानुनी आधार, प्रशासनिक आवश्यकता र त्यसको प्रभाववारे स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ । विद्यमान कानुनअनुसार प्राप्त सुविधामा असर पर्ने गरी व्यवस्था परिवर्तन गर्दा उठ्ने कानुनी प्रश्नलाई पनि बेवास्ता गर्न मिल्दैन ।

संसद्मा विधेयक दर्ता गरिसकेपछि त्यसलाई संसदीय प्रक्रियाबाटै टुंग्याउनु लोकतान्त्रिक अभ्यास हो । सरकारले अध्यादेश ल्याउने हो वा होइन भन्ने अन्योल तत्काल हटाउनुपर्छ । सार्वजनिक प्रशासन सुधार विश्वास, संवाद र स्पष्ट कानुनी प्रक्रियाबाट सम्भव हुन्छ, भय र अनिश्चितताबाट होइन ।

कोठाको...

करिअरभन्दा ठुलो जातीय विभेदको अन्त्य हो, जो कसैले दलित जातकै कारण विभेद हुन नपरोस्,' उनी भन्छिन् ।

उनको अभियानमा गैरदलित, मुस्लिम, मधेसी र विभिन्न धर्म मान्ने समुदायका व्यक्तिले पनि साथ दिएका छन् । 'घरधनीलाई घर भाडामा नलगाउन पनि अधिकार छ, तर भाडामा लगाउँदा धर्म, जात, मधेसी भनेर छुट्याउन पाइँदैन,' उनी भन्छिन्, 'म आउँदा दलितको मात्र मुद्दा लिएको थिएँ, भित्रभित्रै जातसँगै धर्म, वर्गको पनि विभेद रहेछ ।'

'वार्तामा नबोलाउँदासम्म सडकमै हुन्छु'

दीपा दिनहुँ माइतीघर मण्डलामा सत्याग्रहमा बस्छिन् । सिंहदरबारदेखि नजिकै भएर पनि उनले आफ्नो आवाज सरकारसम्म पुऱ्याउन महिनौं कुर्नुपरेको छ । 'सरकारले जातीय विभेदको बारेमा सम्बोधन नगर्दासम्म सडकमै हुन्छु, चाहे जति समय लागोस्,' उनी भन्छिन् । जातीय विभेदविरुद्ध स्पष्ट कानुनी व्यवस्था, प्रभावकारी कार्यान्वयन र पीडितले न्याय पाउने सुनिश्चितता नै आफ्नो आन्दोलनको मुख्य माग भएको उनी बताउँछिन् । 'जातीय विभेद भाषण, सहानुभूति वा अस्थायी आश्वासनमा सीमित हुनु हुँदैन,' उनी भन्छिन्, 'हामीलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार चाहिएको छ ।'

नेपालको विद्यमान कानुनले सार्वजनिक तथा निजी स्थानमा जातीय भेदभाव निषेध गरेको छ । तर, घर भाडामा दिने क्रममा जात वा थर सोधेर गरिने विभेदलाई स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने दीपाको माग छ । 'राजधानी सहरमा जातका आधारमा कोठा नदिनु, थर थाहा पाएपछि निकाल्नु वा अपमान गर्नु कुनै सामान्य व्यवहार होइन,' उनी भन्छिन्, 'लोकतान्त्रिक व्यवस्था आए पनि समाजमा जातीय विभेद कायम छ । दलित समुदायले जात लुकाएर बस्नुपर्ने अवस्था हुनु दुःखद हो ।'

जातीय विभेद कुनै एक व्यक्ति वा समुदायको समस्या मात्र नभएको उनको भनाइ छ । राज्यको संरचना, सामाजिक सोच र परम्परागत व्यवहारमा रहेको विभेद अन्त्य नभएसम्म राजनीतिक परिवर्तनले मात्रै समानता स्थापित गर्न नसक्ने उनी बताउँछिन् ।

डिजिटल माध्यममा पनि विभेद

दीपाका अनुसार, जातीय विभेद भौतिक व्यवहारमा मात्रै सीमित छैन । डिजिटल प्रविधिको प्रयोगसँगै विभेदका नयाँ स्वरूप देखिन थालेका छन् । 'कोठा खोज्न जाँदा क्यूआरबाट पैसा हाल्न लगाउने र खातावालाको नाममा दलित थर देखिएपछि परिवारका अन्य सदस्यसँग सल्लाह गर्छौं भनेर इन्कार गर्ने गरेको गुनासो आउन थालेका छन्,' उनी भन्छिन्, 'यति ठुलो सहरमा साँघुरो सोच किन होला ?' विभेदका बदलिँदा स्वरूपलाई पनि कानुनी दायरामा समेट्नुपर्ने उनको माग छ । विद्यमान कानुनले समेट्न नसकेका व्यवहार पहिचान गरी आवश्यक सुधार गर्नुपर्ने उनी बताउँछिन् । जातीय विभेद अन्त्यका लागि कानुन निर्माण र कार्यान्वयनसँगै सामाजिक चेतनामा परिवर्तन आवश्यक रहेको उनको भनाइ छ । विभेद अन्त्य गर्ने जिम्मेवारी पीडित समुदायको मात्रै नभई राज्य र समग्र समाजको भएको उनी बताउँछिन् ।

राजनीतिक दलहरूले जातीय विभेदका विषयमा आवाज उठाए पनि व्यवहारमा परिवर्तन ल्याउन पर्याप्त पहल नगरेको उनको असन्तुष्टि छ । सामाजिक परिवर्तनलाई राजनीतिक प्राथमिकतामा राख्नुपर्ने उनको माग छ ।

उनको माग के हो ?

दीपाले जातीय विभेद अन्त्यका लागि स्पष्ट कानुनी व्यवस्था, विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र पीडितले न्याय पाउने सुनिश्चितता मागेकी छन् । आफ्नो मागबारे संवाद गर्न सरकारसँग वार्ताको वातावरण बनाउनसमेत उनले आग्रह गरेकी छन् । 'काठमाडौंमा दलित समुदायले कोठा भाडामा पाउन नसक्ने अवस्था अन्त्य गर्नु आवासको समस्या समाधान गर्नु मात्रै होइन,' उनी भन्छिन्, 'संविधानले प्रत्याभूत गरेको समानताको अधिकार व्यवहारमा स्थापित गर्नु पनि हो ।'

सरकारले जनताका माग छिटो सम्बोधन गर्ने अपेक्षा राखेकी उनी लामो समयसम्म सुनुवाइ नहुँदा निराश छिन् । 'अहिले सरकारले जनताको मागलाई छिटो सम्बोधन गर्छ होला जस्तो लागेको थियो, तर रहेनछ,' उनी भन्छिन् ।

सरकारले गैरदलितलाई नै मौन समर्थन गरेको उनको आरोप छ । विभेदविरुद्ध शान्तिपूर्ण र लोकतान्त्रिक माध्यमबाट उठाइएको आवाजलाई सरकारले कमजोर ठान्न नहुने उनको चेतावनी छ ।

दीपाका लागि यो संघर्ष कोठा पाउने विषयमा मात्रै सीमित छैन । जातका आधारमा कसैले आवास र सम्मानबाट वञ्चित हुन नपरोस् भन्ने उनको माग छ । पढाइ र करिअरको सपना थाती राखेर उनी १९४ दिनदेखि सरकारको जवाफ पर्खिरहेकी छन् ।

सुधिएनन् ...

निर्वाचित जनप्रतिनिधि नै छन् । नवयुवा पुस्तालेे राजनीतिक स्थिरता खोजेर पुराना दलका उम्मेदवारलाई प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कम संख्यामा मात्रै जिताएको देख्दा देख्दै पुराना दलहरू प्रदेश सरकारमा सत्ता जोडघटाउमा केन्द्रित हुने प्रवृतिबाट टाढा जान सकेका छैनन् । १०७ सदस्यीय मधेश प्रदेशसभामा २७ सिटसहित जसपा नेपाल सबैभन्दा ठुलो दल हो भने २३ सिटसहित एमाले दोस्रो ठुलो दल हो । कांग्रेसका २२ र नेकपाका १५ सांसद छन् । जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, संघीय समाजवादी पार्टी र राप्रपाका एक-एक सांसद छन् ।

मधेशको नयाँ सत्ता समीकरणमा जनमत पार्टी र नेकपाको भूमिका महत्त्वपूर्ण देखिन्छ । प्रदेशसभामा १२ सांसद रहेको जनमत पार्टीले जसपा नेपालको नेतृत्वमा सरकार बनेमा समर्थन गर्न सक्ने चर्चा छ । तर, जनमत पार्टीका प्रदेश सांसद चन्दन सिंहले सरकार गठनबारे पार्टीभित्र औपचारिक छलफल नभएको बताएका छन् ।

अहिले सरकारमै रहेको नेकपाले पनि आफ्नो धारणा स्पष्ट पारिसकेको छैन । कांग्रेस नेतृत्वको सरकारमा १५ सांसदसहित सहभागी नेकपाले समर्थन कायमै राखे पनि मुख्यमन्त्री यादवलाई विश्वासको मत जुटाउन थप सांसद आवश्यक पर्छ ।

नेकपा वर्तमान सरकारमै

व्यवसायी गुरुङ छुटे

काठमाडौं/मस– वैदेशिक रोजगार व्यवसायी रविन गुरुङ थुनामुक्त भएका छन् । बुधबार सर्वोच्च अदालतले ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक रविन गुरुङलाई थुनामुक्त गर्ने आदेश दिएको थियो । न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकनारायण ढुंगानाको संयुक्त इजलासले व्यवसायी गुरुङको



पक्राउ पछिको म्याद थप प्रक्रिया वैदेशिक रोजगार ऐन अनुसार नभएको भन्दै बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरेको हो । विभागले सचेत गराउने कारबाही गरिसकेपछि थप अनुसन्धान गर्न भन्दै वैदेशिक रोजगार न्यायाधिकरणबाट पटकपटक म्याद थप गराएर व्यवसायी गुरुङलाई थुनामा राखेको थियो ।

व्यवसायी गुरुङलाई वैदेशिक रोजगार विभागमा जानकारी गराएर छोडिएको थियो ।

रहन्छ वा एमाले, जसपा नेपाल र जनमत पार्टीसँग मिलेर नयाँ गठबन्धनमा सहभागी हुन्छ भन्ने विषयले सरकारको भविष्य निर्धारण गर्नेछ । मधेश प्रदेशमा अहिलेको सत्ता संकटको तत्कालीन कारण एमालेले १५ बुँदे सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै समर्थन फिर्ता लिनु हो । बजेट विनियोजन, विकास निर्माण, मन्त्रालयको संख्या, कर्मचारी व्यवस्थापन र आर्थिक सुशासनजस्ता विषय सहमतिमा समेटिएका थिए ।

तर, सहमति कार्यान्वयनबारे एमाले र सरकारमा रहेका कांग्रेस तथा नेकपाका नेताहरूको दाबी फरक छ । एमालेले सरकारले सहमतिअनुसार काम नगरेको बताएको छ भने कांग्रेस र नेकपाका नेताहरूले अधिकांश विषय कार्यान्वयन भइसकेको वा प्रक्रियामा रहेको दाबी गरेका छन् ।

यसरी सहमति कार्यान्वयनको विवादले सुरु भएको सत्ता संकट अहिले नयाँ सरकार गठनको जोडघटाउमा पुगेको हो । मधेश प्रदेशको पहिलो कार्यकालमा जसपा नेपालका नेता लालबाबु राउतले पाँच वर्ष सरकारको नेतृत्व गरेका थिए । दोस्रो कार्यकालमा भने मुख्यमन्त्री र सत्ता गठबन्धन पटकपटक फेरिएका छन् । सरकार परिवर्तन भए पनि राजनीतिक अस्थिरता, गठबन्धनभित्रको अविश्वास र सहमति कार्यान्वयनको समस्या दोहोरिइरहेको छ । यसले प्रदेश सरकारको स्थायित्व र जनताप्रतिको जवाफदेहितामाथि प्रश्न उठाएको छ ।

दुवै ...

हित संरक्षणसहित सम्मानित व्यवसायका रूपमा स्थापित गर्नु सरकार र व्यवसायी संघको साझा चुनौती ठानेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपाललाई रोजगारी र रेमिट्यान्स तथा मलेसियालाई श्रमिकको आवश्यकता रहेको भन्दै मलेसियाको रोजगारी केही समय अवरुद्ध हुँदैमा आत्तिनुपर्ने अवस्था नभएको बताएको छ ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले भनेका छन्, 'हाम्रो उद्देश्य मलेसिया रोजगार रोक्नु होइन, सिन्डिकेटरहित, पारदर्शी र समान अवसरसहित मलेसियामा नेपाली श्रमिक पठाउने वातावरण बनाउनु हो । दुवै मुलुकको ज्वाइन्ट वर्किङ कमिटीको बैठक नबसुन्जेलको अवरोधलाई अवसरका रूपमा लिँदै दीर्घकालीन नीतिगत सुधारमा अघि बढौं ।'

श्रम गन्तव्य मुलुकले अन्तर्राष्ट्रिय श्रम मापदण्ड, स्रोत मुलुकको कानुन र द्विपक्षीय श्रम सम्झौताको सम्मान गर्नुपर्ने भएकाले एफडब्लुसिएमएसमार्फत सीमित संस्थालाई मात्र सूचीकरण गरी भर्ती प्रक्रिया नियन्त्रण गर्न खोजिएको विषयमा नेपालले तत्कालीन अवस्थामा बंगलादेशमा देखिएको श्रमिकमाथिको आर्थिक शोषणको जोखिमलाई पनि गम्भीरतापूर्वक लिई पाठ सिक्नुपर्ने उनको भनाइ छ ।

संघका अध्यक्ष खत्रीको यो भनाइपछि मलेसियामा नेपाली श्रमिक जाने र रेमिट्यान्स भित्रिने प्रवाह रोकिन नहुने विषयमा सबैको समान धारणा देखिन्छ ।

यता, बुधबार साँझ विज्ञप्ति जारी गर्दै युवा, श्रम तथा रोजगार मन्त्रालयले पनि नेपालको संविधान, कानुनी व्यवस्था र नेपाल तथा मलेसिया सरकारबीच भएको श्रम समझदारीसमेतका आधारमा पारदर्शी, निष्पक्ष तथा दुवै सरकारलाई मान्य हुने भर्ना प्रणाली विकास गर्न नेपाल सरकार सकारात्मक रहेको बताएको छ ।

मलेसिया रोजगारीका सम्बन्धमा हाल विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सम्प्रेषण भइरहेका कतिपय भ्रमपूर्ण समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै मन्त्रालयले पछिल्लो अवस्थाका सन्दर्भमा नेपालले अवलम्बन गरेको श्रम तथा रोजगारसम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि-सम्झौता र अन्तर राष्ट्रिय कानुनको परिधिमा रही मलेसिया सरकारका सम्बन्धित निकायसँग निरन्तर कूटनीतिक संवाद गरिरहेको जनाएको छ । आपसी संवादका माध्यमबाट यस असमझदारीलाई यथाशीघ्र टुंग्याउने पक्षमा सरकार रहेको पनि मन्त्रालयले बताएको छ ।

बुधबार नै मलेसियाले नेपालका सबै १ हजार ११४ सक्रिय म्यानपावर कम्पनीलाई आफ्नो कामदार भर्ना प्रणालीमा आबद्ध गराउने नेपालको प्रस्ताव अस्वीकार गरेको छ । मलेसियाले एफडब्लुसिएमएसमा सूचीबद्ध २५ मुख्य म्यानपावर कम्पनी र तिनका १०-१० सहयोगी कम्पनीमार्फत मात्रै नेपाली कामदार भर्ना गर्ने नीति कायम राख्ने जनाएको छ ।

मलेसियाको पत्र प्राप्त भएपछि युवा, श्रम तथा रोजगार मन्त्रालयले विज्ञप्ति जारी गरेको हो। विज्ञप्तिमा मन्त्रालयले नेपालको संविधान, प्रचलित कानुन र श्रम समझदारीविपरीत हुने प्रणाली एवं पद्धति श्रमिकको दीर्घकालीन हित रक्षा गर्न असमर्थ रहने उल्लेख गरेको छ । श्रमिकको दीर्घकालीन हित रक्षाका लागि प्रतिबद्ध रहँदै नेपाल र मलेसियाबीचको श्रम आप्रवासनलाई व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ, न्यायोचित तथा पारस्परिक हितमा आधारित बनाउन उपयुक्त र निष्पक्ष कामदार छनोट तथा भर्ना प्रणाली सुनिश्चित गर्ने विषयमा मन्त्रालय पूर्ण रूपमा सचेत रहेको पनि जनाएको छ ।

छलफल निरन्तर रहेको दुवै पक्षले बताए पनि दुवै पक्षले आ-आफ्नो अडान परिवर्तन नगरेको देखिन्छ । यसले समस्याको समाधान तत्कालै नआउने र मलेसिया जाने श्रमिकको रोजगारीको अधिकार कुण्ठित हुने देखाएको छ । मलेसियाको रोजगारीमा समस्याहरू हटेको र तलब पनि उल्लेख्य मात्रामा बढेको अवस्थामा नेपाल र मलेसियाबीच असमझदारी कायम रहे त्यसको पीडा स्वदेशमा परिवार पाल्न रोजगारी खोजिरहेका श्रमिकमाथि पर्नेछ । ठुलो लगानी गरेका बहुराष्ट्रिय कम्पनीले दुवै देशबीचको विवाद समाधान पर्खिनुभन्दा नयाँ स्रोत मुलुक खोज्न अग्रसर हुनेछन् । नेपालले नयाँ श्रम गन्तव्य खोजेर विकल्प दिन नसकेको अवस्थामा त्यसले आन्तरिक बेरोजगारी बढाउनेछ । यस्तो अवस्थाको अन्त्यका लागि विभिन्न विकल्पमा छलफल अघि बढाउनु सकारात्मक मानिनेछ ।

मलेसियामा रोजगार कम्पनी : KYOWA SUNTECH PRECISION WORKS SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/०१ चलानी नं.: ६०२३५५५१ L.T. No.: 325602 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: RM	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Stone Crushing Machine Operator	0	13	स. कामना दक्ष	1700	६३,१५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १९ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तामे	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तामे	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तामे	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्याम्पाथीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तामे र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तामे र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार बिमाबाहेक मरेवापत्को जानकारी : - १. आफ्नो नामना बिमा प्रान भईसके लिखित भएपछि मात्र कम्पनीमा आई रकम बुझाउन हुने । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सधैमा राख्नु होला । आफ् काठमाडौंमा पहुँ सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई माग्नुहोला । ४. विदेश जाने अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य आवश्यक जानकारी पहेँ माग सम्बन्धित पक्षमा स्वयम्भर्न गर्नु होला र सो को एक (१) प्रति आफ्नोमा राख्नु होला । ६. कामना विदेश जाँदा नेपालमै बिमाबापत प्रयोग गर्नु होला, अन्यथा दोब

नेपालमा पनि चक्रवात 'अर्नब'को जोखिम

तीन दिन वर्षा र हिमपातको सम्भावना

मध्यान्ह संवाददाता
काठमाडौं, ११ कात्तिक

बंगालको खाडीमा विकसित अति शक्तिशाली चक्रवात 'अर्नब'को प्रभाव नेपालमा पनि देखिन थालेको छ । यसको प्रभावका कारण बिहीबारदेखि शनिबारसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङसहित वर्षा तथा हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार पश्चिममध्य बंगालको खाडीमा बनेको चक्रवात 'अर्नब' भारतको आन्ध्र प्रदेश र यानमको तटीय क्षेत्रबाट बुधबार बिहान सवा ८ बजेतिर जमिनमा प्रवेश गरेको हो ।

यसको प्रभावले नेपालको वायुमण्डलमा बुधबारदेखि नै उच्च तहका बादल देखिन थालेका छन् । बिहीबार कात्तिक १२ गतेदेखि यसको प्रभाव क्रमशः बढ्दै जाने सम्भावना रहेको महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार बिहीबारदेखि शनिबारसम्म कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा र हिमपात हुन सक्नेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ तथा असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना छ ।

यसैगरी, तीन दिनको अवधिमा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा तथा हिमपात हुन सक्ने महाशाखाले जनाएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भूभागका एक-दुई स्थानमा समेत भारी वर्षा र हिमपातको सम्भावना रहेको छ ।

उच्च हिमाली क्षेत्रमा नजान आग्रह

पर्यटन विभागले देशका विभिन्न स्थानमा भारी वर्षा तथा हिमाली क्षेत्रमा



*मनाङ चामेमा सतर्कता अपनाउन माइकिङ गर्दै प्रहरी । **तस्बिर : मनाङ प्रहरी***

हिमपात र हिमपहिरोको जोखिम रहेको भन्दै पर्यटक तथा पर्वतारोहीलाई उच्च हिमाली क्षेत्रमा नजान आग्रह गरेको छ ।

नेपाल मौसम विज्ञान विभागको मौसम बुलेटिनअनुसार उक्त अवधिमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षा हुन सक्ने सम्भावना छ । प्रतिकूल मौसमका कारण बाढी, पहिरो तथा भूक्षयको जोखिम बढ्नुका साथै हिमाली क्षेत्रमा हिमआँधी र हिमपहिरोसमेत जान सक्ने पूर्वानुमान गरिएको छ ।

मौसम प्रतिकूल हुँदा पदयात्रा तथा हिमाल आरोहण प्रभावित हुन सक्ने भएकाले विभागले उच्च हिमाली क्षेत्रमा जाने योजना स्थगित गर्न र त्यहाँ पुगिसकेका पर्यटक तथा पर्वतारोहीलाई आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । साथै, आधिकारिक निकायबाट जारी हुने मौसमसम्बन्धी अद्यावधिक सूचना हेरेर मात्र यात्रा योजना बनाउन आग्रह गरिएको छ ।

यसैबीच, खुम्बु, मनाङलगायत हिमाली क्षेत्र तथा काठमाडौं र पोखरास्थित स्वास्थ्य संस्थामा उच्च हिमाली क्षेत्रमा देखिने स्वास्थ्य समस्या एक्युट माउन्टेन सिकनेस (एएमएस) को उपचार सेवा सहज र निरन्तर उपलब्ध गराउन पर्यटन विभागले सम्बन्धित निकायलाई अपिल गरेको छ ।

विभागले प्रतिकूल मौसमबाट हुन सक्ने सम्भावित जोखिमलाई ध्यानमा राख्दै पर्यटक, पदयात्री तथा पर्वतारोहीलाई सुरक्षित रहन र सम्बन्धित निकायका निर्देशन पालना गर्न आग्रह गरेको छ ।

स्वास्थ्य क्षेत्रलाई उच्च सतर्कतामा रहन निर्देशन

स्वास्थ्य क्षेत्रलाई उच्च सतर्कता अपनाउँदै पूर्वतयारी तथा प्रतिकार्यका काम प्रभावकारी बन्न आग्रह गरिएको छ ।

स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइले सातै प्रदेशका प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई पत्राचार गरी प्रतिकार्यका काममा प्रभावकारी बन्न आग्रह गरेको हो ।

कात्तिक १२ देखि १४ गतेसम्म देशका विभिन्न स्थानमा चट्याङ, हुरीबताससहित मध्यमदेखि भारी वर्षा हुनसक्ने पूर्वानुमान रहेपछि स्वास्थ्य क्षेत्रको तयारीलाई सुदृढ बनाउन निर्देशन दिइएको हो ।

एकाइका प्रमुख डा. हेमन्तचन्द्र ओझाद्वारा जारी परिपत्रमा चौबीसै घण्टा सम्पर्कमा रहन एक जना आपत्कालीन सम्पर्क व्यक्ति (इमर्जेन्सी फोकल पर्सन) तोक्ने, निजको सम्पर्क विवरण एकाइमा उपलब्ध गराउन तथा सार्वजनिक गर्न भनेको छ ।

त्यसैगरी, सम्बन्धित हब तथा स्याटेलाइट अस्पताल सञ्जालनसँग समन्वय गरी आकस्मिक चिकित्सकीय टोली (इएमटी) सहित आवश्यक स्वास्थ्य जनशक्तिलाई तयारी अवस्थामा राख्न आग्रह गरिएको छ ।

स्वास्थ्य क्षेत्रका साझेदार निकायसँग समन्वय गरी उपलब्ध जनशक्ति, औषधि, स्वास्थ्य सामग्री, उपकरण, एम्बुलेन्स तथा अन्य स्रोतसाधनको विवरण अद्यावधिक गर्न पनि भनिएको छ ।

विपद्का बेला घाइते तथा प्रभावित नागरिकलाई समयमै स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेशमा रहेका एम्बुलेन्स प्रेषण केन्द्रसँग निरन्तर समन्वय गरी एम्बुलेन्स सेवाको सहज, शीघ्र र प्रभावकारी परिचालन सुनिश्चित गर्नुपर्ने पत्रमा उल्लेख छ ।

एकाइले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित घटना तथा अवस्थाको विवरण दैनिक रूपमा 'जिरो रिपोर्टिङ' वा 'इन्सिडेन्ट रिपोर्टिङ' मार्फत अनिवार्य रूपमा पठाउन पनि सबै प्रदेशका केन्द्रलाई आग्रह गरेको छ । सम्भावित विपद्का बेला स्वास्थ्य सेवामा अवरोध हुन नदिन, आवश्यक जनशक्ति तथा स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्न र प्रभावित क्षेत्रमा तत्काल प्रतिकार्य परिचालन गर्न भनिएको छ ।

उदयपुरमा तेस्रो प्रदेश महोत्सवको तयारी

बिन्द्र राई/मध्यान्ह
उदयपुर, ११ कात्तिक

उदयपुरको गाईघाटमा तेस्रो प्रदेश महोत्सवको तयारी सुरु भएको छ । जिल्लाको सदरमुकाम तथा त्रियुगा नगरपालिका अन्तर्गत गाईघाटमा आगामी मंसिर १७ गते देखि २७ गतेसम्म 'तेस्रो प्रदेश महोत्सव-२०८३' सन्चालन हुने भएको छ । त्रियुगा उद्योग वाणिज्य संघ गाईघाटको आयोजनामा त्रियुगा नगरपालिका त्रियुगा नदीकिनारमा महोत्सव सञ्चालन गर्न लागिएको हो । 'भाषा, कला र संस्कृतिको उत्थान, बढाऔं उद्योग, व्यापार, कृषि र पर्यटन' भन्ने मूल नाराका साथ महोत्सव आयोजना गर्न लागिएको संघका अध्यक्ष नवीन बस्नेतले बताए । महोत्सवबारे जानकारी दिन बुधबार आयोजना गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष बस्नेतले महोत्सवमा अनुमानित एक लाख ५० हजार दर्शक सहभागी गराउने र साढे दुई करोड कारोबार गर्ने उद्देश्य रहेको बताए । महोत्सवमा स्थानीय तथा प्रदेशस्तरका उत्पादन, उद्योग, व्यापार, कृषि, पर्यटन, हस्तकला र सेवासँग सम्बन्धित करिब एक सय ५० वटा स्टल रहनेछन् । संघले स्थानीय उत्पादनको प्रचारप्रसार, बजारीकरण तथा प्रवर्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागेको जनाएको छ । महोत्सवले स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्नुका साथै उद्योगी, व्यवसायी, कृषक, उद्यमी, पर्यटन व्यवसायी र उपभोक्ताबिच प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सहयोग पुग्ने अध्यक्ष बस्नेतले पत्रकार सम्मेलनमा जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

महोत्सवलाई मनोरञ्जनमा मात्र सीमित नराखी स्थानीय उत्पादनको प्रवर्धन, रोजगारी सिर्जना, उद्यमशीलताको विकास, व्यापारिक गतिविधिको विस्तार र पर्यटन विकासको माध्यम बनाउने लक्ष्यसहित महोत्सव आयोजना गर्न लागिएको संघका वरिष्ठ उपाध्यक्ष दिनेश श्रेष्ठले बताए । 'महोत्सवमा स्थानीय तथा प्रदेशस्तरका मौलिक कला, संस्कृति, परम्परा र खानपानको प्रदर्शन गरिनेछ ।

"जीवन त क्षणभरको यात्रा मात्रै रहेछ, हेर्दाहेर्दै छुटेर जाने रहेछ ।
तर आफ्नोपन र सम्झनाहरू सधै मनभित्र जीवित रहने रहेछ ।"

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
२०४०/०३/१०

स्वर्गारोहण मिति
२०८३/०७/०३

स्व. सुजन बहादुर मगर

हाम्रा जनसम्पर्क अधिकृत प्रमुख **स्व. सुजन बहादुर मगर** को असामयिक निधन भएको आज १०औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि. परिवार
पुलचोक, ललितपुर

यूएईमा रोजगार कम्पनी: UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०२/११ चलानी नं.: ६०२५५४० LT. No.:342313 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	176	0	स. कामना दक्ष	2000	८२,७२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कात्तिक १५ गते (5 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता दोल्से रेष्टुरेन्ट, बुटवल, रूपन्देहीमा २०८३ कात्तिक १५ गते (5 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता होटल दिव्या श्री, पोखरा, कास्किमा २०८३ कात्तिक २० गते (6 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिपि होटल, वितमोड, झापामा २०८३ कात्तिक २१ गते (7 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता होटल इन टुरिस्ट, इटहरी, सुनसरीमा २०८३ कात्तिक २१ गते (7 November 2026) मा हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २१ वर्ष देखि ३८ वर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

स्वदेशमा भर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने	विदेशमा भर्ने मेडिकलको खर्च कस्ले व्होर्ने	स्वदेशमा मरिने म्याद्ं जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बाहे र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्होर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २,५८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	बि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके पश्चिमेत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउन होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु सोधना राम्नु होला । आफू बसिरहेमा पछि सम्पर्क गर्न सजिलो हुन्छ । ३. बस भिसामात्र (भुक्तमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँइतीहरुलाई । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जानेको मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहेकोमा पछि मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानुनमा विदेश जाने नेपालकै विमानबाट प्रयोग गर्नु होला, अन्यथा टिमेर सम्भाउन हुन्छ । ७. बस भिसामात्र सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाधमना सम्पर्क गर्नु होला ।

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np
Govt Lic. No. 1686/080/081

यूएईमा रोजगार कम्पनी: SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०५/०५ चलानी नं.: ६०२६०४३४ L.T. No.: 345809 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	138	48	स. कामना दक्ष	2000	८२,७२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

प्रि अन्तर्वार्ता होटल नेलमेट, बुटवल, रूपन्देहीमा २०८३ कात्तिक १७ गते (3 November 2026) मा हुनेछ ।
प्रि अन्तर्वार्ता होटल सिराचुली, भरतपुर, चितवनमा २०८३ कात्तिक १८ गते (4 November 2026) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता होटल सिद्धार्थ, वितमोड, झापामा २०८३ कात्तिक १९ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा भर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने	विदेशमा भर्ने मेडिकलको खर्च कस्ले व्होर्ने	स्वदेशमा मरिने म्याद्ं जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बाहे र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्होर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २,५८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	बि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके पश्चिमेत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउन होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु सोधना राम्नु होला । आफू बसिरहेमा पछि सम्पर्क गर्न सजिलो हुन्छ । ३. बस भिसामात्र (भुक्तमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँइतीहरुलाई । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जानेको मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहेकोमा पछि मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानुनमा विदेश जाने नेपालकै विमानबाट प्रयोग गर्नु होला, अन्यथा टिमेर सम्भाउन हुन्छ । ७. बस भिसामात्र सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाधमना सम्पर्क गर्नु होला ।

AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196, Chitwan Contact : 982-1179769, 985-5019595, Jhapa Contact : 980-1433003, 980-3286759, Butwal Contact : 985-1409027
Gov. Lic. No. 712/064/065

विज्ञापन विभेद रोक्ने फैसला अविलम्ब कार्यान्वयन गर्न निर्देशन

काठमाडौं/मस–सरकारी विज्ञापनमा विभेद विरुद्धको फैसला 'अविलम्ब कार्यान्वयन गर्न' सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले सरकारलाई निर्देशन दिएको छ । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले सो फैसला अविलम्ब कार्यान्वयन गरी कार्यान्वयनको जानकारी निर्देशनालयलाई गराउन पनि पत्रमा भनिएको छ ।



असार ३० को फैसला कार्यान्वयनको माग गर्दै दायर गरिएको निवेदन उपरको कारबाहीमा फैसला कार्यान्वयन निर्देशनालयले उक्त निर्देशन दिएको निवेदक अधिवक्ता अनन्तराज लुईटेलले जानकारी दिए । सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सरकारी विज्ञापनमा विभेद गर्न नपाईने भन्दै २०८२ चैत १८ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरेपश्चात् समेत फैसलाको कार्यान्वयन हुन नसकेको दावी सहित अधिवक्ता लुईटेलले निर्देशनालयमा निवेदन दायर भएको हो ।

सो फैसलाको पूर्णपाठमा भनिएको छ,'सरकारले सार्वजनिक तथा नीजि संचार माध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२/१२/१८ को निर्णयलाई संविधान र कानुन अनुकूलको मान्न मिलेन । तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२/१२/१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२)र(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।' चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै अधिवक्ता लुईटेलले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए । चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

मधेशका किसान आन्दोलित

माग पूरा नभए बजार बन्द गर्ने चेतावनी

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, ११ कात्तिक

रौतहट सदरमुकाम गौरमा भारतीय बजारबाट आयात हुने तरकारी तथा फलफूलमा सुरक्षाकर्मीले रोक लगाएको र सामान खोसिएको विरोधमा स्थानीय तरकारी व्यापारी तथा किसानहरू आन्दोलनमा उत्रिएका छन् । लामो समयदेखि सहज रूपमा सञ्चालन हुँदै आएको आपूर्ति प्रणालीमा अचानक अवरोध सिर्जना गरी जीविकोपार्जनमा संकट उत्पन्न गराइएको भन्दै उनीहरूले प्रशासनप्रति आक्रोश व्यक्त गरेका छन् ।

दशकौंदेखि भारतीय सीमावर्ती बजारबाट तरकारी तथा फलफूल ल्याएर स्थानीय उपभोक्तालाई सुलभ मूल्यमा आपूर्ति गर्दै आएका यस क्षेत्रका किसान तथा साना व्यापारीहरू प्रशासनको यस्तो दोहोरो व्यवहारबाट मर्माहत बनेका छन् ।

गौर भन्सार कार्यालयमा क्वारेन्टाइनको पर्याप्त तथा व्यवस्थित प्रबन्ध नहुँदा कानुनी रूपमा भन्सार प्रक्रिया पूरा गर्ने वातावरण नरहेको र वैकल्पिक मार्गबाट सामान ल्याउनसमेत नदिइएको व्यापारीहरूको गुनासो छ । यस्तो नीतिले आफूहरूलाई विस्थापित गर्न खोजिएको उनीहरूको भनाइ छ ।



तरकारी तथा फलफूल व्यापारी संघका अध्यक्ष सरोज मुखियाको नेतृत्वमा बुधबारदेखि व्यापारीहरू बजार समितिको प्रांगणमा धर्नामा बसेका छन् । 'तरकारी तथा फलफूल पैठारी रोकको विरुद्ध आम हडताल तथा धर्ना कार्यक्रम' नाम दिइएको उक्त आन्दोलन माग पूरा नभएसम्म जारी रहने संघर्ष समितिले चेतावनी दिएको छ ।

व्यापारी तथा किसानहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै गौर नगरपालिका-५ का वडाध्यक्ष शिवशंकर यादवले तत्काल समस्या समाधान नभए नगरभरिका बजार अनिश्चितकालका लागि बन्द गर्ने चेतावनी दिएका छन् ।

वडाध्यक्ष यादवसहित पीडित किसान तथा व्यापारीहरूको प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाए पनि प्रशासनबाट ठोस सुनुवाइ नभएको जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारीबाट यस विषयमा आफूले केही गर्न नसक्ने आशयको जवाफ आएपछि व्यापारीहरू थप आन्दोलित भएका छन् । वडाध्यक्ष यादवले समयमै माग सम्बोधन नगरिए सम्पूर्ण बजार अनिश्चितकालीन बन्द गरी थप कडा संघर्षमा उत्रिने चेतावनी दिँदै सरकार र सम्बन्धित निकायलाई गम्भीर बन्न आग्रह गरेका छन् ।

यस आन्दोलनप्रति गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले पनि समर्थन जनाएका छन् । उनले स्थानीय तहबाट किसान तथा व्यापारीहरूको हकहित, व्यवसायको सुरक्षा र सहज आपूर्तिको व्यवस्थाका लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अचानक लगाइएको रोकका कारण स्थानीय बजारमा तरकारी तथा फलफूलको अभाव हुन सक्ने र हजारौं परिवारको रोजगारी तथा स्थानीय अर्थतन्त्रमा असर पर्ने खतरा बढेको छ ।

लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८३/०७/१२

यस गाउँपालिकाबाट आ.व. २०८३/०८४ को तपशिल कार्यका लागि प्रकाशित बोलपत्र आव्हानको सुचनानुसार निम्न बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही र बोल अङ्कको औसत अङ्कसँग सबैभन्दा नजिक (Substantially responsive bid closest to the Average Bid Price) भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपशिल

ठेक्का न.	कामको बिबरण	फर्मको नाम	कबोल अंक (रु) भ्याट र पि.एस. सहित
LAL/W/ NCB/W/2083/084-02	Construction of Blacktop Chakrapath Road Ward-02.	DECC/RPMNS jv, Dhangadhi-05, Kailali	16,466,541.42

प्रमुख प्रशासकीय अधिकृत

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/११/०४ मा दर्ता भएको **प्रा. लि. नं.: १३२३६०** को **एलिनटेक प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/१० को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।
लिक्विडेटर: शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ५८४१३४०४०३

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/१२/२६ मा दर्ता भएको **दर्ता नं.: १३४५१५** को **नवदुर्गा मेटल वर्कस प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/०५ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।
लिक्विडेटर: शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ५८४१३४०४०३

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/११/२३ मा दर्ता भएको **दर्ता नं.: १६५००२** को **एस. श्रेष्ठ ट्रेड लिंक प्रा.लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/०६ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।
लिक्विडेटर: शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ५८४१३४०४०३

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/३० मा दर्ता भएको **प्रा. लि. नं.: १८७५४६** को **एजाईल एजुकेशन प्रा. लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/०८ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।
लिक्विडेटर: शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ५८४१३४०४०३

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

कर्मचारीतन्त्रमा अविश्वास

संघीय निजामती सेवा विधेयक संसद्मा दर्ता भएपछि तीन महिनामै ४६४ कर्मचारीले राजीनामा दिइसकेका छन् । सरकारले ल्याउन खोजेको केही कानुनी परिवर्तनले कर्मचारीतन्त्रमा आशंका बढाएको छ । यसले सार्वजनिक प्रशासन सुधारका लागि अघि सारिएको प्रस्ताव र त्यसले कर्मचारीमा सिर्जना गरेको मनोवैज्ञानिक प्रभावबीच दूरी बढाएको छ । निजामती सेवा कुनै पनि सरकारको स्थायी संयन्त्र हो । सरकार फेरिन्छन्, नीति र प्राथमिकता बदलिन्छन्, तर राज्यका सेवा प्रवाहलाई निरन्तरता दिने जिम्मेवारी कर्मचारीतन्त्रकै हुन्छ । त्यसैले प्रशासन सुधारको उद्देश्य अनुभवी कर्मचारीलाई निरूत्साहित गर्नु हुँदैन । उनीहरूको ज्ञान, सीप र अनुभवलाई परिणाममुखी काममा लगाउनु हुनुपर्छ ।

प्रस्तावित विधेयकमा ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई नयाँ ऐन लागू भएको दिन अवकाश दिने व्यवस्था छ । नियमित अवकाशको उमेर भने ५८ बाट बढाएर ६० वर्ष पुऱ्याउने प्रस्ताव गरिएको छ । एकातिर अवकाश उमेर बढाउने र अर्कोतिर ठुलो संख्यामा कार्यरत कर्मचारीलाई एकैपटक बाहिरिने अवस्था सिर्जना गर्ने प्रस्तावले स्वाभाविक रूपमा प्रश्न उठाएको छ । यसबाट अनुभवी कर्मचारीको ठुलो हिस्सा बाहिरिँदा प्रशासनिक काम र संस्थागत स्मरणमा असर पर्न सक्छ ।

चालु कानुनअनुसार प्राप्त हुने सेवा सुविधा कटौती गर्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने उच्च तहका कर्मचारीहरूको तर्क छ । सरकारले भने विधेयकले निजामती सेवालाई सक्षम, दक्ष, उत्तरदायी र परिणाममुखी बनाउने दाबी गरेको छ । दुवै पक्षका तर्कमाथि विश्लेषण हुनु जरूरी छ । तर, कर्मचारीको राजीनामालाई घरायसी कारणले मात्र भएको ठानेर विधेयकप्रतिको आशंकालाई बेवास्ता गर्नु उचित हुँदैन । तीन महिनामा चार सचिव, ३३ सहसचिव, ७२ उपसचिव र ९८ शाखा अधिकृतसहित ४६४ जनाले राजीनामा दिनु त्यसै पनि सुखद खबर होइन । अनुभवी जनशक्ति बाहिरिने र नयाँ जनशक्ति भित्रिने प्रक्रियाबीच तालमेल मिलाउन नसके सेवा प्रवाह प्रभावित हुन सक्छ । अवकाश, पेन्सन र नयाँ नियुक्तिसँग जोडिने आर्थिक दायित्वबारे पनि सरकारले स्पष्ट हिसाब प्रस्तुत गर्नुपर्छ ।

संघीयता कार्यान्वयन भएको दशक बितिसक्दा पनि संघीय शासनअनुकूल निजामती ऐन बन्न नसक्नु राज्यको कमजोरी हो । त्यसैले सुधार आवश्यक छ, तर सुधारको नाममा हतार, अन्योल र अविश्वास भने बढाउनु हुँदैन । विधेयक संसद्मा पर्याप्त छलफल गरेर कर्मचारीका जायज चासो सम्बोधन गर्नुपर्छ । अध्यादेशको आशंका हटाउँदै सरकारले नियमित संसदीय प्रक्रियाबाटै कानुन बनाउने प्रतिबद्धता व्यवहारमा देखाउनुपर्छ । सक्षम निजामती सेवा निर्माणका लागि कानुन मात्र पर्याप्त हुँदैन, सरकार र कर्मचारीबीच विश्वास पनि चाहिन्छ । कर्मचारीलाई प्रतिद्वन्द्वी होइन, सुशासनका साझेदारका रूपमा हेरेर अघि बढ्नु नै सार्वजनिक प्रशासन सुधारको उपयुक्त बाटो हो ।

आधुनिकीकरणको छायामा रैथाने ज्ञान

आज संरक्षण गर्न सकिएन भने भोलिका पुस्ताले आफ्नै आँगन, वनजंगल र खर्कमा विकसित ज्ञानसँगको सम्बन्ध गुमाउन सक्छन् । आधुनिक विज्ञान र परम्परागत ज्ञानबीच संवाद स्थापित गर्दै जैविक विविधता, सांस्कृतिक सम्पदा र मानव स्वास्थ्यको संरक्षण गर्नु नै दिगो आधुनिकीकरणको बाटो हो ।

अग्रलेख



● होमकाजी आचार्य



ताप्लेजुङ गाउँबस्तीमा जन्मदेखि घेवा (मृत्यु संस्कार)सम्मका संस्कारमा आवश्यक पर्ने टोटलाको फूल अर्थात् 'कोकोमेन्दो' खोज्ने ताम्बाहरू भेटिन छाडेका छन् । किरात बस्तीमा मुन्धुमी अनुष्ठानका लागि चाहिने सुगन्धित 'काहुलो' चिन्ने नछुडहरूको संख्या घट्दै गएको छ । उच्च हिमाली खर्कमा 'बिख' र 'बिखुमा'को भेद छुट्याउन जान्ने गोठालाहरूको अनुभवजन्य ज्ञान पुस्तान्तरण हुन सकेको छैन । आँगनका तुलसीका मठ र कान्लाका चाबो कर्क्रिटले पुरिँदै गएका छन् ।

आधुनिकीकरणका नाममा नेपाली समाजले गुमाउँदै गएको कुरा पुराना चालचलनमा मात्र सीमित छैन । संस्कृतिसँगै विकसित औषधीय वनस्पतिसम्बन्धी ज्ञान, परम्परागत सीप र आत्मनिर्भर जीवनशैलीका आधारसमेत कमजोर हुँदै गएका छन् ।

संस्कृति कमजोर हुँदा वनस्पति कसरी मासिन्छ ?

हाम्रो समाजमा संस्कृति र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ । कुनै समुदायको मौलिक संस्कार बर्दलिँदा वा छोडिँदा त्यससँग जोडिएका वनस्पतिको प्रयोग, रोपण, संरक्षण र पुस्तान्तरणको अभ्यास पनि कमजोर हुन सक्छ । त्यसैले सांस्कृतिक परिवर्तनलाई जैविक विविधतामाथि पर्ने प्रभावबाट अलग राखेर हेर्न मिल्दैन ।

तामाङ समुदायमा 'कोकोमेन्दो' केवल फूल नभई पुर्खा, संस्कार र प्रकृतिबीचको सम्बन्धको प्रतीक पनि हो । टोटलाका विभिन्न भाग परम्परागत रूपमा औषधीय प्रयोजनमा प्रयोग हुँदै आएका छन् । तर परम्परागत प्रयोगको इतिहास हुनु र औषधीय प्रभाव वैज्ञानिक परीक्षणबाट प्रमाणित हुनु फरक कुरा हुन् ।

कृत्रिम फूलको प्रयोग बढ्दै जाँदा संस्कारका लागि टोटला खोज्ने, रोप्ने र संरक्षण गर्ने अभ्यास कमजोर हुन सक्छ । पूर्वी पहाडका किरात समुदायमा नछुड र फेदाङमाले विभिन्न अनुष्ठानमा वनस्पति प्रयोग गर्ने परम्परा छ । 'काहुलो' पनि कतिपय स्थानीय अभ्यासमा महत्त्वपूर्ण मानिन्छ । यस्ता वनस्पतिसम्बन्धी ज्ञान समुदायको अनुभवका आधारमा अभिलेखीकरण गर्न आवश्यक छ । तिनको औषधीय गुणबारे निष्कर्ष निकाल्न सही वनस्पति पहिचान, रासायनिक विश्लेषण र वैज्ञानिक परीक्षण गर्नुपर्छ ।

खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पीपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो । यी रुखले शीतल छाया, चराचुरुंगीको वासस्थान र सामुदायिक भेटघाटका लागि महत्त्वपूर्ण भूमिका खेल्थे । सडक विस्तार, अव्यवस्थित निर्माण र सिमेन्टका आँगनले चौतारी, तुलसीका मठ र घरवरपरका उपयोगी वनस्पतिका लागि उपलब्ध ठाउँ घटाउँदै लगेका छन् ।

कतिपय समुदायमा 'चाबो' भनेर चिनिने वनस्पति घरेलु उपचारमा प्रयोग गरिन्छ । तर यसको सही वनस्पतिगत पहिचान र औषधीय प्रभावबारे थप अनुसन्धान आवश्यक छ । तराईका थारू समुदायमा गुरुवा र भर्राजस्ता परम्परागत उपचारकले विभिन्न वनस्पति प्रयोग गर्ने ज्ञान पुस्तौंदेखि जोगाउँदै आएका छन् । 'सतवरिया' र 'हरैया'जस्ता स्थानीय नामले चिनिने वनस्पतिको पहिचान क्षेत्रअनुसार फरक हुन सक्ने भएकाले वैज्ञानिक पहिचान महत्त्वपूर्ण हुन्छ ।

कृषिमा रासायनिक विषादीको अत्यधिक प्रयोग, प्राकृतिक वासस्थानको विनाश र अव्यवस्थित संकलनले कतिपय उपयोगी वनस्पति जोखिममा परेका छन् । विभिन्न समुदायमा जाँड-रक्सी बनाउन प्रयोग हुने 'मर्चा' पनि रैथाने जैविक ज्ञानको उदाहरण हो । यसको निर्माणमा सूक्ष्म जीव, स्थानीय कच्चापदार्थ र पुस्तौंदेखि विकसित सीपको भूमिका हुन्छ । व्यावसायिक खमिरको प्रयोग बढ्दै जाँदा परम्परागत मर्चा बनाउने विधि र त्यससँग जोडिएको ज्ञान ओझेलमा पर्न सक्छ । यससँग सम्बन्धित वनस्पति, सूक्ष्म जीव र प्रयोग विधिबारे अभिलेखीकरण आवश्यक छ ।

परम्परागत औषधीय ज्ञान र वैज्ञानिक परीक्षण

पुर्खाले वनजंगलमा उपलब्ध वनस्पति, जडीबुटी र प्राकृतिक पदार्थको प्रयोगबाट रोगव्याधिको उपचार गर्ने क्रममा अनुभवमा आधारित ज्ञान विकास गरेका थिए । प्रयोग, परिणामको अवलोकन र पुस्तान्तरणबाट कतिपय उपचार पद्धति समुदायमा स्थापित भए । आज पनि यस्तो ज्ञान ग्रामीण जीवन, सांस्कृतिक पहिचान र औषधीय अनुसन्धानका लागि महत्त्वपूर्ण स्रोत हुन सक्छ ।

तर कुनै वनस्पति परम्परागत रूपमा प्रयोग हुँदै आएको छ भन्दैमा त्यसले सबै अवस्थामा रोग निको पार्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । कुनै वनस्पतिमा औषधीय सम्भावना देखिनु र त्यसबाट तयार गरिएको औषधि मानिसका लागि सुरक्षित तथा प्रभावकारी प्रमाणित हुनु पनि फरक कुरा हुन् । त्यसैले पुर्खाको अनुभवलाई वैज्ञानिक अध्ययनको आधार बनाउनुपर्छ ।

नेपालमा औषधीय वनस्पतिबारे अध्ययन गर्ने सरकारी निकायमध्ये वनस्पति विभाग महत्त्वपूर्ण छ । विभागले औषधीय तथा सुगन्धित वनस्पतिको पहिचान, अभिलेखीकरण र अनुसन्धानमा काम गर्दै आएको छ । केही परम्परागत प्रयोग र औषधीय अनुसन्धानबीच समानता देखिए पनि सबै वनस्पति र उपचार विधिको प्रभावकारिता प्रमाणित भइसकेको छैन ।

सिंहदरबार वैद्यखानाजस्ता सरकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थाले च्यवनप्राश, त्रिफला चूर्ण र तुलसी चियालगायत उत्पादन बनाउँदै आएका छन् । यसले वनस्पति तथा प्राकृतिक द्रव्यमा आधारित परम्परागत औषधि निर्माणको संस्थागत अभ्यास देखाउँछ । तर यहाँ उल्लेख गरिएका सबै वनस्पति त्यस्ता औषधिका कच्चापदार्थ हुन् भन्ने निष्कर्ष निकाल्न मिल्दैन । त्यसका लागि वैज्ञानिक पहिचान र प्रमाणित उत्पादन विवरण आवश्यक हुन्छ ।

परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोज एक-अर्काका विरोधी होइनन् । पुर्खाको अनुभवमा आधारित उपचार पद्धतिको अभिलेखीकरण, वनस्पतिको पहिचान, औषधीय सम्भावनाको अनुसन्धान र जोखिमपूर्ण प्रयोगको नियन्त्रण सँगसँगै अघि बढाउनुपर्छ ।

गोठ र घरेलु शिल्पको पतन

कुनै जीवनशैली हराउँदा त्यससँग जोडिएको लामो अनुभव र ज्ञान पनि विलीन हुन सक्छ । यसको उदाहरण नेपालको गोठ तथा घरेलु शिल्प संस्कृतिमा देखिन्छ । उच्च पहाडी भेगका भेडा गोठालाहरूले जंगल र खर्कमा पाइने वनस्पति, तिनको उपयोग तथा सम्भावित विषाक्तताबारे अनुभवका आधारमा ज्ञान विकास गरेका थिए । 'बिख' र 'बिखुमा' भनेर चिनिने वनस्पतिबीचको भेद छुट्याउने ज्ञान पनि कतिपय स्थानीय परम्परामा पाइन्छ । यी नामले कुन प्रजातिलाई जनाउँछन् भन्ने पहिचान नगरी तिनको विषाक्तता वा उपचारमा प्रयोगबारे निश्चित निष्कर्ष निकाल्न मिल्दैन । नयाँ पुस्ताले भेडापालन छाड्दै जाँदा खर्कमा विकसित यस्तो ज्ञान हराउने जोखिम बढेको छ ।

भेडापालन घट्नु, ऊन उत्पादन कम हुनु र बजारिया कपडाको पहुँच बढ्नुले परम्परागत बुनाइमा प्रभाव पारेको छ । गुरुङ, मगर, शेर्पा र खस समुदायमा विभिन्न रूपमा प्रचलित 'राडी-पाखी', 'लुंगी' र बाक्ला ऊनी कपडा बुन्ने सीपलाई बजारिया कृत्रिम रेसाका कपडाले चुनौती दिएका छन् । यसले परम्परागत तान, धागो तयार गर्ने प्रविधि र स्थानीय सामग्रीको उपयोगसँग जोडिएको ज्ञान कमजोर बनाएको छ ।

तराई र मध्यपहाडका कतिपय क्षेत्रमा कपास खेती घट्दै जाँदा चर्खाबाट धागो काल्ने र हातेतानमा कपडा बुन्ने परम्परा पनि कमजोर भएको छ । बाँस र निगालोबाट डोको, डालो, मान्द्रो, भकारी र पेरुंगो बनाउने सीपले प्लास्टिकका सामग्रीसँग प्रतिस्पर्धा गर्नुपरेको छ । चोयाबाट उपयोगी र टिकाउ सामग्री बनाउने सीपले उचित श्रममूल्य नपाउँदा नयाँ पुस्तामा यसको आकर्षण घट्दै गएको छ । कुमालेले माटो मुछेर घैंटो, हाँडी र पाला बनाउने परम्परागत प्रविधिलाई धातु तथा प्लास्टिकका भाँडाको विस्तारले चुनौती दिएको छ । माटाका भाँडाको उपयोगिता तिनको बनोट र प्रयोगमा निर्भर हुन्छ । तिनलाई सबै अवस्थामा आधुनिक भाँडाभन्दा स्वस्थकर भन्न मिल्दैन । यद्यपि माटाका भाँडा बनाउने सीप र स्थानीय उत्पादनको सांस्कृतिक महत्त्व संरक्षण गर्न आवश्यक छ ।

गाउँघरमा हाड भाँचिँदा बाँसका कप्टेरा लगाएर अंग स्थिर बनाउने र विभिन्न वनस्पति प्रयोग गर्ने परम्परागत उपचार पद्धति पनि कतिपय ठाउँमा पाइन्थ्यो । 'हाडजोरा' वा 'हडचुर' भनेर चिनिने वनस्पतिसम्बन्धी ज्ञान स्थानीय उपचार परम्पराको हिस्सा हो । यस्ता अभ्यासको ऐतिहासिक महत्त्व अभिलेखित गर्नुपर्छ, तर गम्भीर चोटपटकमा आधुनिक चिकित्सकीय परीक्षण र उपचारको विकल्पका रूपमा प्रस्तुत गर्नुहुँदैन ।

रैथाने नस्लको क्षयीकरण

आधुनिकीकरणको प्रभाव वनस्पतिमा मात्र सीमित छैन । स्थानीय पशुपन्छीका नस्ल र तिनलाई पाल्ने परम्परागत प्रणालीमा पनि परिवर्तन आएको छ । पूर्वी पहाडका कतिपय समुदायमा पालिने स्थानीय सुँगुर, लुइँचे र साकिनी कुखुरा स्थानीय हावापानी, आहार र पालन प्रणालीसँग अनुकूलित हुँदै आएका छन् । व्यावसायिक रूपमा पालिने विदेशी वा उन्नत जातका पशुपन्छीको विस्तारले स्थानीय नश्ल संरक्षणमा चुनौती सिर्जना गर्न सक्छ । तर कुनै नस्ल लोपोन्मुख भएको निष्कर्ष निकाल्न जनसंख्या, प्रजनन र आनुवंशिक विविधतासम्बन्धी तथ्यांक आवश्यक हुन्छ ।

सुदूरपश्चिमको अछामी नौमुठे गाई तथा पोखरेली लमे र पार्के भैंसीजस्ता स्थानीय पशुजन्य सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्छ । यस्ता नस्लको महत्त्व दूध वा मासु उत्पादनमा मात्र सीमित हुँदैन । स्थानीय हावापानीसँग अनुकूलन, पालनसम्बन्धी अनुभव, आनुवंशिक विविधता र खाद्य प्रणालीको निरन्तरतासँग पनि तिनको सम्बन्ध हुन्छ ।

रैथाने पशुपन्छीको संरक्षण गर्नु सबै आधुनिक नस्ल वा प्रविधि अस्वीकार गर्नु होइन । स्थानीय नस्लको उपयोगिता पहिचान गर्दै वैज्ञानिक प्रजनन, उचित पालन र जैविक विविधताको संरक्षणलाई सँगसँगै अघि बढाउनु हो । स्थानीय नस्ल गुम्दै जानु भनेको भविष्यमा उपयोगी हुन सक्ने आनुवंशिक स्रोत र खाद्य प्रणालीका विकल्प कमजोर हुनु पनि हो ।


आधुनिक हुनुको अर्थ आफ्ना सबै रैथाने आधार भत्काउनु होइन । कुनै संस्कृति कमजोर हुँदा त्यससँग जोडिएको वनस्पतिको संरक्षण, उपयोगसम्बन्धी ज्ञान र समुदायको स्वावलम्बी अर्थतन्त्रसमेत प्रभावित हुन सक्छन् । वनविनाश, बजारको दबाब, जलवायु परिवर्तन र अव्यवस्थित विकासले समस्या थप जटिल बनाएका छन् ।

परम्परागत औषधीय ज्ञान र रैथाने सीपको संरक्षण गर्नुको अर्थ आधुनिक चिकित्सा र प्रविधिको उपयोग नगर्नु होइन । उपयोगी परम्परागत ज्ञानलाई प्रमाणका आधारमा अध्ययन गर्नु, जोखिमबारे सचेत रहनु र आवश्यकताअनुसार आधुनिक प्रविधिसँग समन्वय गर्नु हो । आधुनिक चिकित्सा आवश्यक पर्ने अवस्थामा त्यसको उपयोग गर्नुपर्छ । परम्परागत ज्ञानलाई अन्धविश्वास भनेर पन्छाउनुको सट्टा अध्ययन, अभिलेखीकरण र संरक्षण गर्नुपर्छ । वनस्पति र जडीबुटी जोगाउनु विगतको सम्झना सुरक्षित गर्नु मात्र होइन, भावी पुस्ताले पनि तिनको पहिचान, उपयोग र सम्भावित लाभबारे अध्ययन गर्न पाउने आधार जोगाउनु हो ।

(रैथाने बाली संरक्षण अभियानमा क्रियाशील आचार्यको लेख राससबाट लिइएको हो ।)

गरुड पुराण : शास्त्र र व्यवहारको दूरी

संस्कार



● मोहनकुमार दाहाल

नेपालको हिन्दु समाजमा कसैको मृत्यु भएपछि क्रियापुत्री, आफन्त र परिवारजनले गरुड पुराण सुन्ने चलन छ । यसलाई मृतकको आत्मालाई मार्गदर्शन गर्ने धार्मिक कर्मका रूपमा बुझिन्छ । तर यसको भूमिका त्यतिमा मात्र सीमित छैन । शोकमा रहेका परिवारलाई मृत्यु, कर्म र जीवनको अनित्यता बुझाउन तथा परिवार र समुदायलाई निश्चित संस्कारमा जोड्न पनि यसले भूमिका खेल्छ ।

गरुड पुराण विष्णु र उनका वाहन गरुडबीचको संवादका रूपमा रचिएको पुराण हो । यसमा कर्मफल, मृत्युपछिको आत्माको यात्रा, नरकको वर्णन र मृत्युसंस्कारसम्बन्धी विषय समेटिएका छन् । मृत्यु भएपछि आत्मा केही समय घरमै रहन्छ र परिवारका गतिविधि अनुभव गर्न सक्छ भन्ने धार्मिक विश्वास छ । यस अवधिमा गरुड पुराण सुन्दा आत्माले आफ्नो अवस्था बुझेर अगाडिको यात्रा सहज बनाउँछ भन्ने मान्यता पाइन्छ । तर शास्त्रमा उल्लेख भएका विधान र नेपाली समाजमा गरिने अभ्यासबीच अन्तर देखिन्छ । गरुड पुराणमा आशौच, दान, श्राद्ध र सपिण्डीकरणजस्ता संस्कारको चर्चा छ । तर क्रियापुत्रीले कसरी बस्ने, कति समय सुन्ने र दैनिक पाठको तालिका कस्तो हुने भन्ने विषयमा व्यवहारलाई निर्देशित गर्ने विस्तृत व्यवस्था स्पष्ट छैन । यी कुरा धेरै हदसम्म स्थानीय चलन र पुरोहितको निर्णयमा निर्भर देखिन्छन् ।

परम्परा र बदलिँदो व्यवहार

व्यवहारमा कतिपय परिवारमा पुरोहितले दैनिक एक-दुई घण्टा गरुड पुराण पढ्छन् । पूरै ग्रन्थको सट्टा प्रेतकल्प, नरक वर्णन र सपिण्डीकरणसँग सम्बन्धित अंश पढ्ने चलन पनि छ । कतिपय गाउँघरमा पुरोहित उपलब्ध नहुँदा वा खर्च धान्न कठिन हुँदा परिवारका ज्येष्ठ सदस्यले नेपाली अनुवाद पढेर सुनाउँछन् । केही परिवारमा भने पाठ सुन्ने काम औपचारिकतामा सीमित भएको देखिन्छ । पुरोहितलाई निश्चित रकम दिने, केही समय बस्ने र त्यसपछि आफ्नै काममा फर्किने प्रवृत्ति पनि छ ।

गरुड पुराण सुन्नुको अर्को पक्ष शोक व्यवस्थापन हो । मृत्युले परिवारका सदस्यलाई भावनात्मक रूपमा प्रभावित पार्छ । आशौचको अवधिमा सामाजिक भेटघाट र दैनिक गतिविधिमा बन्देज लाग्दा परिवारको जीवन असामान्य बन्छ । यस्तो अवस्थामा नियमित पाठले शोकको समयलाई निश्चित संरचना दिन्छ । मृतकको जीवन सम्झिने, परिवारसँगै बस्ने र धार्मिक विधिमार्फत बिदाइ गर्ने अवसर पनि मिल्छ ।



यद्यपि पाठ सुन्ने क्रममा सान्त्वना मात्र प्राप्त हुन्छ भन्ने छैन । परिवारमा खर्च, कर्मकाण्डको अवधि र पुरोहित छनोटजस्ता विषयमा विवाद हुन सक्छन् । क्रियापुत्रीले आफन्तलाई व्यवस्थापन गर्ने, सामग्री जुटाउने र अन्य जिम्मेवारी पूरा गर्नुपर्ने भएकाले पाठमा ध्यान दिनसमेत कठिन हुन सक्छ । शास्त्रीय आदर्शमा श्रद्धापूर्वक सुन्ने व्यक्तिका रूपमा चित्रित क्रियापुत्री व्यवहारमा कर्मकाण्ड व्यवस्थापन गर्ने मुख्य जिम्मेवार व्यक्ति पनि हुन्छ ।

स्थानीय परम्पराको प्रभाव

नेपालका विभिन्न समुदायमा मृत्यु संस्कारका अभ्यास फरक छन् । बोटे समुदायको पानी किन्ने कर्मकाण्डमा क्रियापुत्रीमार्फत मृतकको आत्मासँग सम्बन्ध स्थापित भएको विश्वास गरिन्छ । यस्तो स्थानीय अभ्यास र गरुड पुराणमा वर्णित मृत्युपछिको यात्राको व्याख्या एउटै ढाँचामा समेटिँदैन । यसले जाति, क्षेत्र र समुदायअनुसार मृत्यु संस्कारको अर्थ र अभ्यास फरक हुन सक्ने देखाउँछ ।

शास्त्रले कर्मकाण्डको विधि र समयलाई महत्त्व दिएको भए पनि व्यवहारमा परिवारको आर्थिक अवस्था, स्थानीय परम्परा र पुरोहितको निर्णयअनुसार पाठको अवधि तथा स्वरूप परिवर्तन हुन्छ । सहरी क्षेत्रमा आफन्त टाढा बस्ने वा विदेशमा हुने भएकाले सामूहिक सहभागिता पनि घट्दै गएको छ । कतिपय परिवारमा पाठ सुन्ने कोठामा थोरै व्यक्ति मात्र उपस्थित हुन्छन् ।

यसबाट गरुड पुराणको धार्मिक महत्त्व समाप्त भएको निष्कर्ष निकाल्न मिल्दैन । बरु यसको अभ्यास शास्त्रीय मान्यता र सामाजिक यथार्थबीच निरन्तर समायोजन भइरहेको बुझ्न सकिन्छ । कतिपयले श्रद्धापूर्वक पाठ सुन्छन् भने कतिपयले सामाजिक दबाब वा परम्परा निरन्तरता दिनका लागि सहभागी हुन्छन् ।

गरुड पुराणको अध्ययनबाट एउटा कुरा स्पष्ट हुन्छ- यसले मृत्युसंस्कारलाई धार्मिक आधार दिन्छ, तर त्यसको कार्यान्वयनका सबै पक्ष आफैंले निर्धारण गर्दैन । स्थानीय विश्वास, पारिवारिक सम्बन्ध र सामाजिक परिस्थितिले यसको स्वरूप तय गर्छन् । मृतकको आत्माले पाठबाट मार्गदर्शन पाउँछ कि पाउँदैन भन्ने प्रश्न आस्थासँग सम्बन्धित छ । तर पाठका क्रममा परिवारजन एकै ठाउँमा भेला हुनु, दुःख बाँड्नु र मृतकलाई बिदाइ गर्नु यसको सामाजिक पक्ष हो ।

गरुड पुराणलाई बुझ्न पुस्तकमा लेखिएका विधान मात्र हेरेर पुगेदैन । त्यसलाई सुन्ने परिवार, क्रियापुत्रीको जिम्मेवारी र समुदायका अभ्यास पनि बुझ्नुपर्छ ।

मृत्यु संस्कारको केन्द्रमा पुस्तक मात्र हुँदैन, मृतकलाई सम्झँदै शोक सामना गर्ने र एक-अर्कालाई साथ दिने मानिसहरू पनि हुन्छन् । गरुड पुराणले त्यही प्रक्रियालाई धार्मिक ढाँचा प्रदान गर्छ ।

इतिहासको पाना

● रतन भण्डारी

फत्तेशमशेरको मृत्युसँग जोडिएको धर्मपत्र



चन्द्रशमशेरले आफ्ना दाजु देवशमशेरलाई पदच्युत गरी धनकुटा धपाएपछि प्रधानमन्त्रीको पद सम्हालेका थिए । इतिहासकार रामजी उपाध्यायका अनुसार, त्यसक्रममा भाइभतिजाको चित्त बुझाउन चन्द्रशमशेरले एउटा धर्मपत्र लेखेका थिए । त्यसमा आफूले कुनै भाइभतिजालाई धपाउन खोजेमा सबै भाइभतिजा मिलेर आफूलाई धपाउन सक्ने उल्लेख थियो । उक्त धर्मपत्र उनले आफ्ना भाइ फत्तेशमशेरलाई दिएका थिए ।

त्यही धर्मपत्र सुरक्षित राखेका कारण फत्तेशमशेरले विष खाएर अकालमै ज्यान गुमाउनुपरेको उपाध्यायको विवरणमा उल्लेख छ । आफूलाई विष दिएर मार्नुको कारण धर्मपत्र हुन सक्ने बुझेपछि फत्तेशमशेरले मृत्युअघि उक्त पत्र भीमशमशेरलाई दिएका थिए । भीमशमशेरले भने त्यो पत्र आफ्ना कान्छा भाइ जुद्धशमशेरलाई सुरक्षित राख्न दिएका थिए ।

फत्तेशमशेरको मृत्यु भएपछि चन्द्रशमशेर हतारहतार उनको घर पुगे । तर, उनले भाइको मृत्युमा शोक व्यक्त गर्ने वा परिवारका सदस्यलाई सान्त्वना दिनेभन्दा पनि फत्तेशमशेरको मूल कन्तुर खोलेर धर्मपत्र खोज्न थाले । त्यहाँ पत्र नभेटिएपछि भीमशमशेरको हातमा पुगेको थाहा पाएर उनी त्यतै लागे ।

भीमशमशेरले उक्त धर्मपत्र जुद्धशमशेरलाई दिएको बताएपछि चन्द्रशमशेरले जुद्धशमशेरसँग पत्र मागे । तर, जुद्धशमशेरले 'त्यो धर्मपत्र त हामीले राख्नुपर्ने हो, हजुरलाई किन चाहियो' भन्दै प्रतिप्रश्न गरे । त्यसपछि चन्द्रशमशेर चुप लाग्न वाध्य भएको उपाध्यायको विवरणमा उल्लेख छ ।

यस घटनालाई उपाध्यायले राणा शासनमा प्रधानमन्त्री पद प्राप्त गर्न र त्यसलाई कायम राख्न अपनाइने हिंसात्मक परम्परासँग जोडेका छन् । उनका अनुसार, जंगबहादुर र वीरशमशेरको पालादेखि देखिएको हत्या र वंशभित्रकै व्यक्तिको हत्यासम्म पुग्ने प्रवृत्तिलाई चन्द्रशमशेरले पनि फत्तेशमशेरको मृत्युमार्फत निरन्तरता दिएका थिए ।

फत्तेशमशेर धीरशमशेरका १७ भाइ छोरामध्ये आठौं छोरा थिए । राणाहरूले निर्धारण गरेको प्रधानमन्त्रीको रोलक्रममा चन्द्रशमशेरपछि भीमशमशेर र भीमशमशेरपछि फत्तेशमशेरको नाम थियो ।

पहिरोपीडित र बिरामी बालिकालाई पर्वत लजला समाज कतारको सहयोग



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ११ कात्तिक

पर्वत जलजला समाज कतारले पहिरोबाट प्रभावित दुई परिवार र उपचाररत एक बालिकालाई गरी एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । समाजले असोज १० देखि १२ गतेसम्मको अविरल वर्षा र पहिरोबाट प्रभावित परिवारलाई राहत तथा बिरामी बालिकाको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम हस्तान्तरण गरेको हो । समाजले जलजला गाउँपालिका-४ का पहिरो प्रभावित दुर्गाबहादुर कार्कीलाई ४० हजार र दोविल्लाका पहिरो प्रभावित दलबहादुर मल्ललाई ४० हजार रुपैयाँ सहयोग गरेको छ । त्यस्तै, जलजला गाउँपालिका-२ पाखा थर निवासी खिमबहादुर परियारकी बिरामी छोरी टेरिया परियारको उपचारका लागि २० हजार रुपैयाँ सहयोग गरेको हो । समाजका प्रतिनिधि अनिल मल्ल र मीनबहादुर जिसीको उपस्थितिमा जलजला गाउँपालिका-४ का वडाध्यक्ष भरतबहादुर क्षेत्री र कृष्णबहादुर जिसीको रोहवरमा सम्बन्धित परिवारलाई सहयोग रकम हस्तान्तरण गरिएको हो । समाजका अध्यक्ष देभाराज कार्कीका अनुसार कतारमा रहेका पर्वतवासीहरूको सहयोगबाट उक्त मानवीय कार्य सम्भव भएको हो । उनले विपद्बाट प्रभावित परिवारलाई राहत र बिरामी बालिकाको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले रकम जुटाइएको बताए ।

समाजले सहयोग जुटाउन तथा हस्तान्तरण प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने समाजका संरक्षक भरत मल्ल ठकुरी, प्रमुख सल्लाहकार आनन्द जिसीलगायत सम्पूर्ण सहयोगीप्रति आभार व्यक्त गरेको छ ।

स्थानीय तह निर्वाचन दलीय प्रतिस्पर्धाबाट मुक्त गर्न माग

काठमाडौं/मस– सामाजिक जागरण अभियान नेपालले स्थानीय तह निर्वाचनलाई दलीय प्रतिस्पर्धाभन्दा माथि उठाउँदै जनविश्वास, योग्यता र इमानदारीका आधारमा उम्मेदवार छनोट गर्न पाउने व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

अभियानले स्थानीय तह निर्वाचनसम्बन्धी कानुन संशोधन गरी राजनीतिक दलको टिकट अनिवार्य नभएको र जनविश्वास भएका योग्य व्यक्तिले स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गर्न पाउने व्यवस्था गर्न माग गरेको हो ।

अभियानद्वारा जारी विज्ञप्तिमा स्थानीय तह लोकतन्त्रको आधारस्तम्भ तथा नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले यसलाई जनउत्तरदायी, पारदर्शी, निष्पक्ष र प्रभावकारी बनाउन निर्वाचन प्रणालीलाई जनताको वास्तविक चाहना, विश्वास र सहभागितासँग जोड्नुपर्ने उल्लेख छ । वर्तमान राजनीतिक अभ्यासमा जनतामाझ लोकप्रिय, सक्षम र समाजसेवामा समर्पित व्यक्तिले राजनीतिक दलबाट टिकट प्राप्त गर्न नसक्दा निर्वाचनमा सहभागी हुने अवसर सीमित भएको अभियानको ठहर छ । स्थानीय तहको नेतृत्वका लागि उम्मेदवार छनोट गर्दा योग्यता र जनविश्वासभन्दा दलीय पहुँच तथा टिकट वितरण निर्णायक बन्ने अवस्थालाई सुधार गर्नुपर्नेमा अभियानले जोड दिएको छ ।

स्थानीय सरकार कुनै एउटा राजनीतिक दलको मात्र प्रतिनिधित्व गर्ने निकाय नभई सम्पूर्ण स्थानीय नागरिकको साझा संस्था भएको उल्लेख गर्दै अभियानले स्थानीय तह निर्वाचनलाई क्रमशः गैरदलीय प्रणालीमा सञ्चालन गर्ने सम्भावनाबारे राजनीतिक दल, नागरिक समाज, स्थानीय समुदाय र निर्वाचन विज्ञसँग व्यापक छलफल गर्न पनि माग गरेको छ । त्यस्तै, उम्मेदवारको इमानदारी, योग्यता, सामाजिक योगदान, कार्ययोजना र जनताप्रतिको जवाफदेहितालाई प्राथमिकता दिने वातावरण निर्माण गर्नुपर्ने अभियानको माग छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१२

यस कम्पनीको मिति २०८३।०५।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सांविक कम्पनी **पाठशाला एजुकेशन फाउण्डेशन पर्सा प्रा.लि. (दर्ता नं. १४३७२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सुवर्ण एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७९।०५।०९ मा दर्ता भएको **नेप स्पार्क प्रा. लि.(प्रा.लि. नं. २९७३१५)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

जग्गा बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०७/१२

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता कायम रहेको **ओनिक होल्डिङ्स लिमिटेड (प्रा.लि. दर्ता नं. १५३६४४/०७३/०७४)** को नाममा चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०२ (सांविक चैनपुर गा.वि.स. वडा नं. ०८) मा रहेको कित्ता नं. ६१५ क्षेत्रफल ६६०.३३ वर्ग मिटर र किता नं. ७८५ क्षेत्रफल ३५१४.३३ वर्ग मिटर जग्गा बिक्रीमा रहेकोले जग्गा खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित मोबाइल नम्बर र इमेल ठेगानामा सम्पर्क गर्नुहोला ।

ओनिक होल्डिङ्स लिमिटेड (साविकः ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी (लि.)
काठमाडौं - २९, अनामनगर
फोन नं. ९८४५७४६३७४
इमेलः - oninvestmentltd@gmail.com

डिभिजन वन कार्यालय अर्घाखाँचीको जनहितमा जारी सूचना

- वनको अतिक्रमण तथा विनाश गर्ने कार्य रोकी वनजन्य उत्पादनको चोरी निकासी बन्द गरौं ।
- स्वच्छ रोपौं, हरियाली बनाऔं ।
- वन संरक्षण गर्न होसियारी गरौं ।
- वन र वातावरण जीवनको अभिन्न अङ्ग हो, त्यसैले यसको संरक्षण पनि हामी सबैको कर्तव्य हो ।
- वन क्षेत्रमा डढेलो लाग्न नदिन डढेलो नियन्त्रणमा सहभागी बनौं ।
- वन अतिक्रमण हुनबाट जोगाऔं ।

सामुदायिकको उद्देश्य वनजन्य वस्तुमा सबैको अधिकार, सबैको पहुँच ।

अनुरोधक:
लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय अर्घाखाँची
सब डिभिजन कार्यालय बाणगंगा शिंतगगा पाणिनि
भुमसकास्थान सन्धिखर्क मालारानि अर्घाखाँची

नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०७/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पछुंयौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पछुयौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्तालै बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

साने राजमान माझीको नाति, रामजी माझीको छोरा, धादिङ जिल्ला कल्लेरी गा.वि.स. वडा नं.२ बस्ने, ना.प्र.नं.२६३०३१/७२५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. धादिङ जारी मितिः वि.सं. २०६३/१०/१३), भएको **राम चन्द्र माझी** ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१.रामजी माझीकी बुहारी, राम चन्द्र माझीकी पत्नि, धादिङ जिल्ला गल्छी गा.पा.वडा नं.१ बस्ने, ना.प्र.नं.२६-०१-७८-००१५० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. धादिङ जारी मितिः वि.सं.२०७८/०१/०८),भएकी **साजनी माझी** ।
२.साने राजमान माझीकी बुहारी, रामजी माझीकी पत्नि, धादिङ जिल्ला कल्लेरी गा.वि.स. वडा नं.२ बस्ने, ना.प्र.नं. ५ टो ६८३५ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. धादिङ, जारी मितिः २०४५/०१/२५) भएकी **नन्दमाया माझी** ।

धितोको विवरण

धादिङ जिल्ला कल्लेरी गा.वि.स. वडा नं.२ बस्ने, **नन्दमाया माझी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला कल्लेरी गा.वि.स. वडा नं.२, नक्सा सीट नं २क मा अवस्थित कि.नं. १६२ क्षेत्रफल ०-४-२-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

अधिकतम खुद्रा विक्री मूल्य प्रकाशनको सूचना

यस फर्म/कम्पनीले China बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा विक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

S.N	Vehicle Description	Brand	Model	Battery Capacity	Seat Capacity	Year	Per Unit	MRP
1	Electric Minibus	TENGLONG	TENGLONG EV5	50KWH	16 Seats	2026	1	NPR 71,95,000/-

विक्रेता फर्मको नाम : एन ई भि नेपाल प्रा.लि. स्थायी लेखा नम्बर : ६०९५८५८१६
ठेगाना : नागपोखरी, नक्साल, काठमाडौं फोन : ०१-४४२९०५१/५२ EXIM CODE : ६०९५८५८१६०१३३NP

युएईमा रोजगार कम्पनी: Regions Waterproofing & Contracting L.L.C पूर्व स्वीकृत मितिः २०८३/०७/११ चलानी नं.: ६०२६२५२६ शहर : UAE LT. No.: 349819

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	assistant helpers/ general worker/ ordinary labour	30	0	स. कामना दक्ष	1000	४१४५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा नर्भे मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा नर्भे मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४९८ कामदारले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

मेडिकल रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा लिसा प्राप्त भईसके पश्चिम भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासिय निकोलाको सम्पर्क ठेगाना र फोन नम्बरहरु समेत राख्नुहोला । आफू बसिरहनुपर्ने घर/कार्यालय वा कम्पनीको सम्पर्क नम्बर समेत लिनु पर्ने छ । ३. यस विज्ञापन (खुलमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँग्नुहोला । ४. विदेश जान अघि अनिवार्यरुपमा वा इन्डमनल तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि अनिवार्यरुपमा वा इन्डमनल तालिम अनिवार्य लिनुपर्ने छ । ६. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रोजगार थप्ने माग सम्बन्धित व्यक्तिबाट पक्का हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ७. कामना विदेश जाने नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकिट सम्बन्धमा हुने छैन । ८. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सातदोबाटमा सम्पर्क गर्नु होला ।

MORGEN GLOBAL HR CONSULTANCY PVT. LTD. अन इजाजत पत्र नं. २११/०२७/०२८
Maharajung, Kathmandu, Nepal, Email: morgenglobalhr1@gmail.com
Phone No: 4516085, 4519885, Mob.: 9803520529, 9801037768

Saudi मा रोजगार Abdul Mohsen Mohammed Al Ghanem & Sons Company Ltd.
पूर्व स्वीकृती मितिः २०८३/७/११ चलानी नं. ६०२६२९३० LT No.: 349849

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Load & Unloading Workers	5	साधारण	1000	८०,६१०/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल चर्खा कसले व्यहोर्ने र कति लाग्ने | भिदेशमा गर्ने मेडिकलको चर्खा कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा चर्खा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क
कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनी | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,९९५/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १,२००/- कामदार आफैले | नि:शुल्क

अन्तरवार्ता २०८३ कार्तिक १५ गते (5 Nov., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौमा हुनेछ ।

कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. अन इजाजत नं. ७३३/०६८/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984 (Nirmal Rawal) , Email: info@cosmosnepalhr.com

कुवेतमा रोजगार कम्पनी: DIVVAN GENERAL TRADING & CONTRACTING COMPANY पूर्व स्वीकृत मितिः २०८३/०७/११ चलानी नं.: ६०२६२५२२ शहर: KUWAIT LT. No.: 349911

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A Cleaner	8	0	स. कामना दक्ष	105	५१३८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४९८ कामदारले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५५७७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

मलेसियामा रोजगार कम्पनी: EMPIRE EAGLE SECURITY SDN. BHD. पूर्व स्वीकृत मितिः २०८३/०७/११ चलानी नं.: ६०२६२५०२ शहर : MALAYSIA L.T. No.: 349719

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	20	0	स. कामना दक्ष	1700	६३४६१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४९८ कामदारले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

गौरी शंकर ओभरसिज प्रा. लि. श्रम इजाजत नं. ५५८/०६२/०६३
सुकेधारा-8, काठमाडौं, नेपाल, फोनः ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np

साइप्रसमा रोजगार कम्पनी: VOSOURA EMPLOYMENT AGENT LTD. पूर्व स्वीकृत मितिः २०८३/०६/२५ चलानी नं.: ६०२६२४५५ शहर: CYPRUS LT. No.: 349571

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1.	Cook	5	0	सम्बन्धित कामना दक्ष	900	१५२५४१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	waiter	5	0		700	११८६४३							
3.	HOUSEKEEPING	5	0		700	११८६४३							
4.	Bartender	5	0		700	११८६४३							
5.	PLUMBER	2	0		700	११८६४३							
6.	electrician	3	0		700	११८६४३							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४९८ कामदारले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

NICE RECRUITING AGENCY NICE RECRUITING AGENCY PVT. LTD. अनु. नं. पत्र नं. १०६२/७७३/७७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mobile: 9851056928, +977 970-4804943,
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

कतारमा रोजगारको अवसर कम्पनी: Himalayan Green Trading of Fruits and Vegetables पूर्व स्वीकृत मितिः २०८३/०७/१० चलानी नं.: ६०२६२५९२ शहर: DOHA L.T. No.: 349444

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cashier	0	2	सम्बन्धित कामना दक्ष	1500	६२५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Salesman	1	0		1500	६२५८०							
3.	ALL VEHELICLS DRIVER	2	0		1500	६२५८०							
4.	LAODING & UNLOADING WORKER	3	0		1200	५००६४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २४९८ कामदारले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

THE GURKHA RE-EMPLOYMENT PVT. LTD. श्रम इजाजत नं. ७४७/०७१/०७२
बसुन्धारा तिलिइटार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल, फोनः ०१-५४०३०५३, ५४०३०५५
E-mail: tgurkha2019@gmail.com "COMPLETE MANPOWER SOLUTIONS"

कुवेतमा रोजगार कम्पनी: AL-MOHANNADI ROADS TRADING AND CONTRACTING COMPANY पूर्व स्वीकृत मितिः २०८२/०८/१५ चलानी नं.: ६०२४८७७७ शहर: KUWAIT पुन विज्ञापन L.T. No.: 334269

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	28	0	सम्बन्धित कामना दक्ष	95	४६४५४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Mason	10	0		120	५८७३०							
3.	Pipefitter	10	0		120	५८७३०							
4.	Steel Fixer	10	0		120	५८७३०							
5.	Suttering Carpenter	10	0		120	५८७३०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १५ गते (5 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शु

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ दिनमै 'कबड्डी ५'को कमाइ ७ करोडमाथि



काठमाडौं/मस– रामबाबु गुरुङ निर्देशित नेपाली चलचित्र 'कबड्डी ५ : आफ्टर द फाइनल म्याच'ले प्रदर्शनको ५ दिनमै ७ करोड रुपैयाँभन्दा बढीको ग्रस व्यापार गरेको छ । दसैंको टीकाअघि प्रदर्शनमा आएका चलचित्रहरूले अपेक्षाअनुसार व्यापार गर्न नसकिरहेका बेला 'कबड्डी ५'ले घरेलु बक्स अफिसमा उत्साहजनक प्रदर्शन गरेको हो ।

चलचित्रको व्यापारिक विवरण सार्वजनिक गर्दै निर्माण कम्पनी बाँसुरी फिल्म्सले मंगलबारसम्मको कुल ग्रस कमाइ ७ करोड रुपैयाँ नाघेको जनाएको छ । निर्माणपक्षका अनुसार चलचित्रले प्रदर्शनको सुरुआतदेखि नै दर्शकको उल्लेख्य साथ पाएको छ ।

कात्तिक ६ गतेदेखि प्रदर्शनमा आएको चलचित्रले पहिलो दिनमै झन्डै २ करोड रुपैयाँको ग्रस व्यापार गरेको थियो । प्रदर्शनको सुरुवाती तीन दिनमा ५ करोड २४ लाख रुपैयाँ कमाएको चलचित्रले त्यसपछिका दिनमा पनि व्यापारको गति कायम राखेको निर्माणपक्षको दावी छ । निर्माता मणिराम पोखरेलका अनुसार दसैं बिदा सकिएपछि पनि चलचित्रले दैनिक एक करोड रुपैयाँभन्दा बढीको व्यापार गरिरहेको छ । प्रदर्शनको छैटौं दिनमा समेत देशभरका चलचित्रघरमा चलचित्रले उल्लेख्य सो पाएको र दर्शकको उपस्थिति राम्रो रहेको निर्माणपक्षले जनाएको छ ।

व्यापारिक सफलतासँगै चलचित्रले मल्टिप्लेक्समा पनि राम्रो प्रदर्शन गरेको छ । देशको प्रमुख मल्टिप्लेक्स चेन क्युएफएक्सले प्रदर्शनको दुई दिनमै चलचित्रलाई 'सुपरहिट' घोषणा गरेको थियो । क्युएफएक्सको व्यापारिक मापदण्डअनुसार एक सातामा डेढ करोड रुपैयाँको व्यापार गर्ने चलचित्रलाई उक्त मान्यता दिने गरिएको विवरण सार्वजनिक भएको छ । यद्यपि, बक्स अफिसमा राम्रो कमाइ गरिरहेको चलचित्रले दर्शकबाट भने मिश्रित प्रतिक्रिया पाइरहेको छ । केही दर्शकले कथावस्तु र प्रस्तुतिको प्रशंसा गरेका छन् भने केहीले अपेक्षाअनुसार नभएको प्रतिक्रिया दिएका छन् । दर्शकको प्रतिक्रियामा एकरूपता नदेखिए पनि व्यावसायिक रूपमा चलचित्रले बलियो उपस्थिति जनाएको छ ।

'कबड्डी' शृंखलाको पाँचौं संस्करणका रूपमा निर्माण गरिएको चलचित्र थकाली समुदायको सामाजिक परिवेशमा आधारित छ । यसमा दयाहाङ राई, विपिन कार्की, विजय बराल, बुद्धि तामाङ, रिश्मा गुरुङ, सिर्जना गुरुङ, मिरुना मगर, पुष्कर गुरुङ, माओत्से गुरुङ, शिशिर बाङदेल, कविता आले, अरुणा कार्कीलगायत कलाकारले अभिनय गरेका छन् । चलचित्रका निर्माता रामबाबु गुरुङ, मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ (एलजी) हुन् ।

'गौंथली'लाई 'बेस्ट फरेन सिनेमा'को अवार्ड

काठमाडौं/मस– 'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स'मा नेपाली कथानक चलचित्र 'गौंथली'ले 'बेस्ट फरेन सिनेमा'को अवार्ड जितेको छ । फ्रान्समा मासिक र वार्षिक रूपमा हुने यो अवार्डमा नेपाली चलचित्र 'गौंथली'ले 'बेस्ट फरेन सिनेमा'को अवार्ड हात पारेको हो ।

यो फेस्टिभलले 'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स' रिभेम्बर द फ्युचर पनि भनिन्छ । यो फ्रान्सको क्यान्समा आयोजना हुने फिल्म फेस्टिभल हो । यो फेस्टिभलमा मासिक रूपमा अनलाइन सबमिट हुन्छ भने मासिक/वार्षिक रूपमा भौतिक स्क्रिनिङ, रेड कार्पेट र अवार्ड समारोह हुने गरेको छ ।

यो सफलतालाई चलचित्र 'गौंथली'का निर्देशक र निर्माताले यसलाई 'गौंथली'को अन्तर्राष्ट्रिय उडान भनेका छन् । 'आज मन गर्वले भरिएको छ, अनि आँखामा खुसीका आँसु छन् । २५ वर्षअघि मेरा बुवा डा. भोला रिजालले निर्माण गर्नुभएको गीतिचलचित्र 'गौंथली'को त्यही भाव, त्यही माया र त्यही विरासतलाई आत्मसात् गर्दै मैले नयाँ पुस्तासम्म नयाँ ढंगले पुऱ्याउने एउटा सानो प्रयास मात्र गरेको हुँ,' 'गौंथली'का निर्देशक डा. कपिल रिजाल भन्छन्, 'तर, आज 'गौंथली'ले जुन माया, साथ र सफलता प्राप्त गरेको छ, त्यसले मन भावुक बनाएको छ ।' उनले 'गौंथली' केवल एउटा चलचित्र मात्र नभएर यो भावना, सपना र नेपाली चलचित्रप्रतिको प्रेमसँग जोडिएको एउटा सुन्दर यात्रा भएको बताएका छन् ।

उनले यो सफलतालाई व्यक्तिगत सफलतामात्र नभएर सम्पूर्ण 'गौंथली' टिमको जित भएको बताएका छन् । निर्माता सुमन गिरीले गौरवमय इतिहास बनाएको बताएका छन् । 'तपाईहरूको माया, साथ र आशीर्वादले आज हाम्रो 'गौंथली' कान्ससम्म पुगेर विजेता बन्न सफल भएको छ ।

युएईमा रोजगार

कम्पनी : D H C N CONTRACTING L L C
पूर्व स्वीकृत मिति: २०८३/०३/२८ चलानी नं.: ६०२५८१७३ LT. No.:344814
शहर : UAE
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder	6	0	सम्बन्धित कामना दक्ष	1800	७४६८२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ्न	छ	२ वर्ष
2.	Concrete Mason Assistant	3	0		1600	६६३८४							
3.	Laborer (Civil)	15	0		1200	४५७८८							
4.	Welder	20	0		1600	६६३८४							
5.	Steel Fixer	20	0		1600	६६३८४							
6.	Concrete Masons	20	0		1600	६६३८४							
7.	Scaffolder Supervisor	10	0		1900	७८८३१							
8.	Construction Carpenter	3	0		1600	६६३८४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ कार्तिक १९ गते (5 November 2026) मा हुनेछ ।

स्वईशमा भर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा भर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वईशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईसके पश्चिमा भएमापि माग कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कम्पनीमा पहुंचे सम्पर्क गर्न सकिने हुन्छ । ३. श्रम स्वीकृतमा (पुरुषमा मा उल्लेख भएको भन्दा बढी रकम कतैपनि नतिर्नुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा हुलाकमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बुझेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमा प्रवेश गर्नु होला, अन्यथा दामिने सम्भावना हुन्छ । ७. श्रम विज्ञापन सम्बन्धमा थप केही कुनैपनि वैदेशिक रोजगार विभाग, सहायालयमा सम्पर्क गर्नु होला ।

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Contact No : +977 985-1100368 (Shyam Bahadur Bulun Lama), E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ४४८/०६७/०६८

साउदीमा रोजगार

कम्पनी : Saudi Manpower Solutions Co.
पूर्व स्वीकृत मिति : २०८३/०६/१४ चलानी नं.: ६०२६२७२८ LT. No.: 348967
शहर: SAUDI

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Asst. Cook/Kitchen Helper	15	0	स. कामना दक्ष	1000	४०६२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ्न	छ	२ वर्ष

कम्पनी : Operational Business Gate for Operation & Maintenance Co
पूर्व स्वीकृत मिति : २०८३/०६/१८ चलानी नं.: ६०२६२३५६ LT. No.: 349386
शहर: SAUDI

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Kitchen Tools Cleaning Worker	20	0	स. कामना दक्ष	1000	४०६२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ्न	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १९ गते (5 November 2026) मा हुनेछ ।

स्वईशमा भर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा भर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वईशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईसके पश्चिमा भएमापि माग कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफ्नु कम्पनीमा पहुंचे सम्पर्क गर्न सकिने हुन्छ । ३. श्रम स्वीकृतमा (पुरुषमा मा उल्लेख भएको भन्दा बढी रकम कतैपनि नतिर्नुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा हुलाकमा तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बुझेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमा प्रवेश गर्नु होला, अन्यथा दामिने सम्भावना हुन्छ । ७. श्रम विज्ञापन सम्बन्धमा थप केही कुनैपनि वैदेशिक रोजगार विभाग, सहायालयमा सम्पर्क गर्नु होला ।

Oceanic Placement Pvt. ltd
Govt. Lic. No. 1814/082/083
Bishalnagar Chandol-04, Kathmandu, Nepal , Phone No: 01-4504546, 9842147723, 9700017888 , 9802047723, 9700015888, Email: info@oceanicplacement.com.np, Website: www.oceanicplacement.com.np

मलेसियामा रोजगार

कम्पनी : CHONG YEE NAM SDN.BHD. शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०२/२५ चलानी नं.: ६०२५६४६८ LT. No.: 343091
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Workers	11	0	स. कामना दक्ष	1700	६३४६१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : TECHBOND MANUFACTURING SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०१/२५ चलानी नं.: ६०२५५१२५ LT. No.: 341747
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker (Factory)	1	0	स. कामना दक्ष	1700	६३४६१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १९ गते (5 November 2026) मा हुनेछ ।

स्वईशमा भर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा भर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वईशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

